gjlj sNk
(धवलागिरिमा सर्वाधिक लोकप्रिय पत्रिका)
साप्ताहिक
web: www.bikalpanews.com /bikalpanews /NawabikalpaWeek

साउने सोमबारको क्रेज
- *विस्तृत अन्तिम पृष्ठमा*

वर्ष ८ अङ्क ४४ पूर्णाङ्क ३८२ आइतवार, श्रावण ९, २०७३ July 24, 2016, Sunday पृष्ठसङ्ख्या ६+२ मूल्य रु. १०/-

कृषि कर्जा झन्झटिलो

- सहुलियत ब्याजदरको कर्जा परिचालन हुन सकेन्
- कृषक महँगो ब्याजदरमा व्यक्ति र सहकारीबाट ऋण लिन बाध्य
- कृषि कर्जाप्रती कृषकले चासो नै नदिएको बैकको भनाई

बेनी नगरपालिका १३ बास्कुनाका मनबहादुर केसीले गरेको व्यवसायिक गाईभैसीपालन । तस्वीर : सन्तोष गौतम/ नवविकल्प

■ सन्तोष गौतम/नवविकल्प

भकिम्ली २ मरेकमा व्यवसायिक सुन्तला खेती गर्दै आएका ईन्द्रबहादुर थापाले सहुलियत ब्याजदरको कृषि कर्जाका लागि बेनीमा रहेका बैङ्कका शाखामा दर्जनौ पटक धाउनुभयो तर सो सुबिधा पाउनुभएन ।

बैङ्कले उपलब्ध गराउने ६ प्रतिशत ब्याजदरको कृषि कर्जा पाउन प्रक्रिया पुरा गर्न झन्झट लागेपछि थापाले बेनीकै सहकारी संस्थाबाट १६ प्रतिशत ब्याजदरमा छ लाख रूपैयाँ ऋण लिएर सुन्तला खेती विस्तार गर्नुभयो ।

कृषकहरूले व्यक्ति र सहकारीबाट महँगो ब्याजदरमा ऋण लिएर तरकारी, फलफुल खेती तथा गाईभैसी, भेडाबाख्रा र कुखुरापालनमा लगानी गर्न बाध्य बनिरहेको अवस्थामा बैङकले सहुलियत ब्याजदरको कृषि कर्जा परिचालन गर्न सकेका छैनन् ।

'धितो राख्न सडकले छोएको जग्गा, दर्ता भएको व्यवसाय, गाविसको सिफारिस र छिमेकीको सहमती चाहिनुपर्ने लगायतका प्रक्रिया पुरा गर्दा कृषकलाई झन्झट भएको छ' थापाले भन्नुभयो 'बैङ्कको ढिलासुस्ती र झन्झटिलो प्रक्रियाले

बाँकी पृष्ठ ७ मा

वर्षासँगै पहिरोको त्रास

■ नवविकल्प

- तोराखेतको पहिरोले बगरफाँटमा जोखिम
- लुलाङको जुकेपानीमा पहिरो खस्यो
- दुई लघुजलविद्युत परियोजना बन्द
- सुरक्षा निकायद्धारा सर्तकता


लुलाङ लमसुङको जुकेपानीमा शनिबार गएको पहिरो ।
तस्वीर : देवी पाइजा/लुलाङ

बर्खा यामको झरीसंगै पहाडी जिल्ला म्याग्दीमा पहिरोको समस्या बढेको छ । पहिरो, बाढी र कटानका कारण जनजिवन प्रभावित भएको छ ।

पछिल्लो हप्ता पहिरोका कारण बेनी नगरपालिका ४ बगरफाँट, लुलाङको लमसुङ र जुकेपानीमा ३० घरपरिवार प्रभावित भएका छन । बेनी-जोमसोम, बेनी-दरवाङ लगायत सदरमुकाम बेनी देखि ग्रामिण क्षेत्र जोड्ने सडकमा सिधा सवारी सञ्चालन हुन सकेको छैन् ।

बाँकी पृष्ठ ७ मा

प्रो. नारायणप्रसाद सेन्चुरी मो.नं. : ९८५७६४०२१४
बागलुङ देवी सुन चाँदी गहना पसल
बैंकरोडदेखि दुरसञ्चारचोक, बेनीबजार, म्याग्दी
फोन : ०६९-५२००५६
हाम्रा सेवाहरू
यहाँ अर्डर अनुसार डिजाइनका सुन चाँदीका गरगहनाहरु पाउनुका साथै सुन चाँदी खरिद बिक्री गरिन्छ।
साथै राशि अनुसारको पत्थर पनि पाइन्छ ।

प्रो. नारायण जि.सी.
मो.नं. ९८५१०१८६८३, ९८५७६४०००३
जि.सी. क्रसर उधोग
बेनी नगरपालिका-११, बगुवाखोला, म्याग्दी
सम्पर्क: ०६९-५२०९२०, ९८०२०६०३२२ (श्याम)
९८०५२०६२३५ (दिपक) ९८५७६२२३८० (हरि)
हाम्रा सेवाहरु
आधुनिक क्रसर मेसिनबाट उत्पादित उच्च गुणस्तरीय गिट्टी, बालुवा, ग्रावेल तथा ४ र ६ इन्चका ब्लक चाहिएमा हामीलाई सम्झनुहोस् ।
साथै
एस्काभेटर, डोजर, टिपर लगायतका हेभी इक्युप्मेन्ट चाहिएमा समेत हामीलाई सम्पर्क गर्नुहोस् ।
तपाईंको सेवाका लागि सम्पूर्ण निर्माण सामग्री एकै ठाउँमा...

STUDY & WORK IN JAPAN
Admission Open ....
Our Services:-
- Basic, Intermediate & advance language with audio & video classes.
- NAT-TEST, JLPT, Top-j, IELTS, TOFEL & EPS-TOPIK Preperation Classes.
- Free Processing.
- Part time job Supported by School.
- Above +2, Bachelor & Masters students can apply.
- High visa Sucess rate
- City on your choice
TOKYO, CHIBA, NAGOYA, OSAKA, SENDAI, HOKKALDO, FUKUOKA & Many more.
INTAKE: April/July/October/January
Your bridge for aboard study in Japan
for more detail visit us.............
S. Raj Language Institute (P) Ltd.
Sangam Chock-Beni
Contact: ☎ 069-521185, 9846779548
LIVE LEARN EARN
lg0f{o xh'/sf] ;Nnfx xfdf] plrt k/fdz{sf]nflu ;Dks{ug{xf]nf .

सूचना
नेपालको संविधानमा अपाङ्गता भएकाहरुका लागि भएका व्यवस्थाहरुको कार्यान्वयन गरौं ।
नेपाल सरकार
सूचना तथा सञ्चार प्रविधि मन्त्रालय
सूचना विभाग

5f6s/L

३४ औ विपी स्मृती दिवस मनाइयो

■ नवविकल्प

म्याग्दीमा पनि बिहीबार विभिन्न कार्यक्रम गरेर नेपाली काँग्रेसका संस्थापक एवं नेपालका प्रथम जननिर्वाचित प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोईरालाको ३४ औं स्मृती दिवस मनाइएको छ ।

विपी चिन्तन प्रतिष्ठानले बेनीमा बिपिको जिवनी, बिचार र चुनौतीहरू विषयक बिचार गोष्ठि, अग्रज नेतालाई सम्मान तथा नेपाली काँग्रेस जिल्ला कार्यसमितिले जेष्ठ नागरिकहरूलाई भोजन गराएर विपीलाई सम्झीएका हुन् ।

वि.स २०३९ साउन ६ गते दिवंगत हुनुभएका विपी कोईरालाले नेपालको प्रजातान्त्रीक आन्दोलनका साथै साहीत्यको विकासमा महत्वपूर्ण योगदान गर्नुभएको थियो । उहाँको मेलमिलाप र समाजवाद सम्बन्धि अवधारणा नेपालको राजनितिमा अझै सान्दर्भीक रहेको बिचार गोष्ठिमा सहभागिहरूले बताएका थिए ।

वीपि चिन्तन प्रतिष्ठान म्याग्दी अध्यक्ष चिरन्जीवी शर्माको सभापतित्वमा भएको बिचार गोष्ठीमा नेपाली कांग्रेस म्याग्दीमा स्थापनाकाल देखि हाल सम्म योगदान पुराउन ३ जना मरणउपरान्त र चार जना जिवित गरि ५ जना अग्रज नेतालाई सम्मान गरिएको थियो ।

सम्मानीत हुनेमा स्व ओमबहादुर बोगटी, स्व डेकबहादुर बानियाँ, स्व शेरबहादुर शेरचन, डाः भुपेन्द्रबहादुर खड्का, पदमबहादुर खत्री, भैरवबहादुर हुमेन र नैनकुमार श्रेष्ठ रहनुभएको छ । उहाँहरूलाई सम्मान पत्र सहित दोसल्ला ओढाएर सम्मान गरीएको थियो ।

प्रतिष्ठानका सदस्य अधिबक्ता सागरजीबी उपाध्ययाको स्वागत, नेबिसंघका सदस्य निर्मल खत्री र तरूण दलका सचिव गोबिन्द बानियाँको संञ्चालनमा सम्पन्न कार्यक्रमा भुतपूर्व पार्टी सभापति डाः भुपेन्द्र खड्का, स्व शेरबहादुर शेरचनका छोरा ओमप्रकाश शेरचन लगायतले मन्तब्य ब्यक्त गर्नुभएको थियो ।

यसैगरी विपी स्मृती दिवस पारेर नेपाली काँग्रेस जिल्ला कार्यसमिति म्याग्दीले गलेश्वर जेष्ठ नागरिक आश्रमका वृद्धबृद्धाहरूलाई बिहीबार बिहान भोजन गराएको छ । कार्यबाहक सभापति केबी भण्डारीको नेतृत्वमा भोजन गराइएको हो ।

पहाड चिरा परेपछि पहिरोको जोखिम

■ नवविकल्प

पर्वतको लेकफाँट गाविसको लोप्रे र कुवापानीको सिमा क्षेत्रमा पर्ने पहाड चिरा परेर पहिरो खस्न थालेको छ ।

लेकफाँट गाविसको ४ नम्बर वडामा पर्ने सो पहाड चिरा परेर फेदीको बस्तीमा ढुङ्गा खस्ने र लेदो सहितको बाढी आएको छ । पहिरोका कारण माझफाँट ९ मुलघडेरीका चार घरधुरी उच्च जोखिममा परेका वडा नागरीक मञ्चका संयोजक गोविन्द खत्रीले बताउनुभयो ।

संयोजक खत्रीका अनुसार पहाडको १०५ मिटर लम्बाई र ६५ मिटर चौडाई क्षेत्रको जमिन चिरा परेको छ । चिरा परेको पहाड खसेमा बाँसखर्क र माझफाँट गाविसको संयौ हेक्टर खेतीयोग्य जमिनलाई असर गर्ने बिहीबार घटनास्थलमा गएको टोलीले जनाएको छ ।

चिरा परेको जमिनको दुरी पाँच मिटर १५ सेन्टिमिटर रहेको छ । लेकफाँट प्रहरी चौकी, लेकफाँट र माझफाँट गाविसका अगुवा तथा स्थानीय बासिन्दाको टोलीले पहाड चिरा परेको क्षेत्रको स्थलगत अध्ययन गरेको हो ।

मुलघडेरीका नगेन्द्रबहादुर, पदम कार्की, डेगबहादुर कार्की र रविन पुनको परिवारलाई सुरक्षित स्थानमा सर्न भनिएको वडा नागरिक मञ्चका संयोजक खत्रीले बताउनुभयो । निरन्तर ढुङ्गा खस्ने र पहाडको फेदीबाट लेदो सहितको बाढी आउन थालेपछि स्थानीयबासीको टोली जमिन चिरा परेको ठाउँको अध्ययनमा गएको हो ।

सहमतीमा अघि बढ्न सुझाव

■ नवविकल्प

म्याग्दीका राजनितिकर्मीहरूले संबिधान कार्यान्वयन र देशको सम्बृद्धीका लागि सहमतीमा अघि बढ्न शिर्ष नेताहरूलाई सुझाव दिएका छन् ।

नेपाल कम्युनिष्ट पार्टीका संस्थापक पुष्पलाल श्रेष्ठको ३८ औं स्मृती दिवस पारेर शुक्रबार नेकपा एमाले म्याग्दीले बेनीमा आयोजना गरेको कार्यक्रममा सहभागिहरूले राजनितिक स्थिरताका लागि सहकार्य र सहमतीका अघि बढ्नुपर्ने बताएका हुन् ।

नेकपा एमालेका बैकल्पीक केन्द्रिय सदस्य भुपेन्द्र थापाले पञ्चायती ब्यवस्थाको अन्त्यका लागि कम्युनिष्ट र प्रजातान्त्रीक शक्तिको समन्वय गर्न पुष्पलालले अपनाएको निती अहिले संबिधान कार्यान्वयन, पुननिर्माण, शान्ति प्रक्रियालाई निष्कर्षमा पुराउन र देशलाई सम्बृद्धीको बाटोमा अघि बढाउन सार्न्दभीक रहेको बताउनुभयो ।

उहाँले सत्ता परिवर्तनको खेल दुखद भएको भन्दै शिर्ष नेताहरू सहकार्य र सहमतीको भावना अनुसार संबिधान कार्यान्वयनमा जुट्न जरूरी रहेको बताउनुभयो । कार्यक्रममा नेपाली काँग्रेस म्याग्दीका कार्यबाहक सभापति केबी भण्डारी, राप्रपाका अध्यक्ष एकेन्द्र रावल र अखण्ड नेपाल पार्टीका डम्मरबहादुर बानियाले पनि मन्तब्य ब्यक्त गर्नुभएको थियो ।

नेकपा एमाले म्याग्दीका अध्यक्ष हरिकृष्ण श्रेष्ठको अध्यक्षता, सचिव बालकृष्ण सुवेदीको सञ्चालन र उपाध्यक्ष देवेन्द्र केसीको स्वागत मन्तब्यमा सम्पन्न भएको कार्यक्रममा प्रध्यापक तारानाथ शर्माले पुष्पलालले नेपाली राजनिति परिवर्तन गर्नुभएको योगदान तथा उहाँको बिचार र सिद्धान्तका बारेमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

फोटो कथा



मौरीपालन : म्याग्दीको पात्लेखेतका कृषकले गरेको ब्यवसायिक मौरीपालन । तस्विर सौजन्य : जिल्ला कृषि विकास कार्यालय, म्याग्दी



नमुना घर : दक्षिण कोरियाको प्रबिधि अनुसार म्याग्दीको पर्यटकीय गाउँ नागीमा निर्माण भएको वातावरण अनुकुलीत भुकम्प प्रतिरोधी क्षमत्ताको नमुना पाहुना घर । तस्विर : सन्तोष गौतम/नवविकल्प



सडक मर्मत : बेनीको जिल्ला प्रशासन कार्यालय अगाडि रहेको सडकमा कालोपत्रे गरिँदै । तस्विर नवविकल्प

म्याग्दीको ७८ हजार जनसंख्या साक्षर

■ **नवविकल्प**

म्याग्दी जिल्लामा बसोबास गर्ने १५ देखि ६० वर्ष उमेर समूहका ९५ प्रतिशत भन्दा बढी बासिन्दा साक्षर भएका छन् ।

१५ देखि ६० वर्ष उमेर समूहका ८२ हजार ८२६ जनसंख्या मध्य ७८ हजार ८८२ जना साक्षर बनेको जिल्ला शिक्षा कार्यालयले जनाएको छ । चार वटा गाविसलाई साक्षर घोषणा गरेको शिक्षा कार्यालयले बेनी नगरपालिको दश वटा वडा र १६ वटा गाविसलाई साक्षर घोषणा गर्ने तयारी भएको जनाएको छ ।

वि.स २०६६ सालदेखि सञ्चालन गरेको साक्षरता अभियानमा सहभागि भएर अंक, अक्षर लेखपढ गर्न सक्नेको संख्या ९५ प्रतिशत भन्दा बढी रहेकाले जिल्लालाईनै साक्षर घोषणा गर्ने तयारी भएको जिशिअ रामप्रसाद अधिकारीले बताउनुभयो । लक्षित जनसंख्याको ९५ प्रतिशत भन्दा बढी जनसंख्याले लेखपढ गर्न सक्ने भएमा साक्षर घोषणा गर्न सकिने नितीगत ब्यवस्था रहेको छ ।

गत वर्ष बरंजा, मराङ, पात्लेखेत र कुहुँ गाविसलाई साक्षर घोषणा गरिसकीएको छ । बेनी नगरपालीकाको ५, ६, ७, ८, ९, १०, ११, १२, १३ र १४ नम्बर वडाका साथै १६ गाविस साक्षर घोषणा गर्न योग्य रहेको जिल्ला शिक्षा कार्यालयका विद्यालय निरिक्षक दलबहादुर थापाले बताउनुभयो ।

उहाँका अनुसार ९५ प्रतिशत भन्दा बढी जनसंख्या साक्षर हुने गाविसहरुमा दरवाङ, ताकम, देविस्थान, मुना, मुदी, लुलाङ, मल्कवाङ, पाखापानी, बेगखोला, दोवा, भुरुङ तातोपानी, नारच्याङ, दाना, राम्चे, हिस्तान र घार रहेका छन् ।

निरक्षरलाई लेखपढ गर्न सिकाउन २०६६, ६७, ६८, ७० मा साक्षरता कक्षा सञ्चालन र २०७१ मा कक्षा ९ र १० का विद्यार्थी परिचालन गरीएको थियो । तथ्याङ्कमा साक्षर घोषणा गर्न योग्य भएपनि समन्वयको कमी र बजेट अभावका कारण घोषणा गर्न नसकिएको शिक्षा कार्यालयको भनाई छ ।

स्थानीय निकाय, सामुदायीक विद्यालय र विभिन्न संघ संस्थासंग सहकार्य गरेर साक्षर वडा, गाविस र जिल्ला घोषणा गर्न पहल भैरहेको जिशिअ अधिकारीले बताउनुभयो । साक्षरता कक्षामा सहभागि भएर लेखपढ गर्न सिकेकाहरूको क्षमत्ता विकासका लागि साक्षउत्तर कक्षा र आयआर्जनको कार्यक्रम समेत सञ्चालन भएको छ ।

बिचैमा पढाई छोडेका र उमेर ढल्कीएकाहरूलाई विद्यालय तहको शिक्षा प्रदान गर्न बेनीमा उज्यालो बैकल्पीक विद्यालय सञ्चालन गरिएको छ । समुदाय स्तरबाट सञ्चालित सो बैकल्पीक विद्यालयमा एक सय १५ जना महिलाहरू भर्ना भएर पढ्ने गरेका छन् ।

नरबहादुरको उपचारका लागि बहराईनबाट आर्थिक सहयोग

■ **नवविकल्प**

मृगौलामा पत्थरी परेर बिरामी भएका बेनी नगरपालीका ४ खबराका नरबहादुर नेपालीको उपचारका लागि बहराईनबाट आर्थिक सहयोग प्राप्त भएको छ ।

खबरा घर भई हाल बहराईनमा कार्यरत भरत रत्नको पहलमा म्याग्दी उद्धार सहयोग समिति बहराईन मार्फत २८ हजार ४४६ रूपैयाँ सहयोग प्राप्त भएको हो । भरत रत्नका बुवा वुद्धविर रत्न र समन्वयकर्ता ध्रुब कार्कीले बुधबार परोपकारी संस्था ओमकुमारी शान्ति कोषलाई बहराईनबाट पठाइएको रकम हस्तान्तरण गर्नुभएको थियो ।

बिरामी नरबहादुर र उहाँकी श्रिमती माया नेपालीको समेत उपस्थितीमा कोषक संस्थापक चन्द्र केसी, सचिव लोकेश पुन र कोषाध्यक्ष खम थापामगरलाई हस्तान्तरण गरिएको उक्त रकम कोष मार्फत नरबहादुरको औषधी उपचारमा खर्च गरिने जनाइएको छ ।

नरबहादुरको उपचारका लागि आर्थिक सहयोग जुटाउन अभियान सञ्चालन गरेको कोषले हालसम्म कोषमार्फत ५५ हजार रूपैया खर्च भएको छ । ज्यामरूककोट समाजले दश हजार सहयोग गरेको छ ।

आर्थिक अवस्था कमजोर भएका, मजदुरी गरेर जिविकोपार्जन गर्दै आएका नरबहादुरको मणिपाल शिक्षण अस्पताल पोखरामा अप्रेशनपछि हाल चिकित्सकको निगरानीमा उपचार गराइरहेका छन् ।

म्याग्दीमा १६ झोलुङ्गे पुल निर्माण

■ **नवविकल्प**

पहाडी जिल्ला म्याग्दीमा यस वर्ष करिब साढे पाँच करोड रूपैयाँको लागतमा १६ वटा झोलुङ्गे पुल निर्माण सम्पन्न भएको छ ।

थप दुई वटा निर्माणाधिन अवस्थामा रहेका छन भने ११ वटाको बृहत मर्मत गरिएको जिल्ला विकास समितिको कार्यालयले जनाएको छ । जिविस मार्फत निर्माण भएका झोलुङ्गे पुलबाट करिब सात हजार घरधुरीका साढे ४६ हजार जनसंख्या लाभान्वित भएका छन् ।

आर्थिक वर्ष २०७२र७३ मा पाँच करोड ४४ लाख ४९ हजार ३८८ रूपैयाँको लागतमा १६ वटा झोलुङ्गे पुल निर्माण भएको र थप दुई वटा झोलुङ्गे पुलको असी प्रतिशत निर्माण कार्य सकिएको जिविसका सब ईञ्जिनियर बालकृष्ण पौडेलले जानकारी दिनुभयो ।

पौडेलका अनुसार यस वर्ष निर्माण भएका झोलुङ्ग पुलबाट बेनी नगरपालीकाको ३ वटा वडा र बिस गाविसका छ हजार ९६८ घरधुरीका ४६ हजार ७६१ जनसंख्या लाभान्वित भएका छन् । गुर्जाको घुर्मखोला र मराङबेशीमा झोलुङगे पुल निर्माण कार्य आगामी असोज महिनाभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

बैसरीमा कालीगण्डकी नदी माथि ४० लाख ३२ हजार ९१० रूपैयाँको लागतमा निर्माण भएको १२० मिटर लामो पुल बाहेक अन्य १७ वटाका लागि ड्रिलिप परियोजनाले तिन करोड ९९ लाख ९२ हजार ६३६ रूपैयाँ सहयोग गरेको छ ।

झोलुङ्गे पुल निर्माणका लागि प्रभावित क्षेत्रका गाविस कार्यालयहरूले दश लाख ८८ हजार ९८७ रूपैया र समुदायले एक करोड ८५ लाख ६८ हजार ६२ रूपैयाँ बराबरको श्रमदान गरेका छन् ।

सबईञ्जिनियर पौडेलका अनुसार कुईनेमंगलेको लेतेखोला, लुलाङ्गको चित्रफेदी, मुदी र मुनाको सिमानामा म्याग्दीखोला, दग्नाम र दर्जीजाको सिमानामा जागाखोला र रूम ४ मा खहरेखोला झोलुङ्गे पुल निर्माण भएको छ ।

यसैगरी बरंजाखोला, बेगको लिस्नेखोला, बेनपा १ आनन्दबगर र माझफाट २ पर्वत जोड्ने आनन्दबगर, शिख ९ र घार ९ मा घारखोला, भुरूङ्ग तातोपानी ८ र घार ९ मा ठूलोबगर झोलुङ्गे पुल निर्माण भएको छ ।

दाना ९ र नारच्याङ्ग ७ मा गुईठेखोला, निस्कोट ३ र देविस्थान ९ मा बतासेसाघु, अर्मन ६ र ५ मा मुहानेखोला, बेनपा १३ र बरंजा २ मा जल्केनी र तातोपानीमा पनि झोलुङ्गे पुल निर्माण भएको छ । म्याग्दीमा यस वर्ष निर्माण भएका सबै झोलुङ्गे पुलको लम्बाई एक हजार २४० मिटर रहेको छ ।

जिविस मार्फत यस वर्ष १७८ वटा झोलुङ्गे पुलको नियमित मर्मत सम्भार गरिएको छ । यसैगरी बेग गाविसको बाढुक र बेगखोला जोड्ने नेपालकै लामो झोलुङ्गे पुल निर्माणका लागि ठेक्का सम्झौता भएको छ । बेगखोलामाथि निर्माण हुन लागेको ३६५.८० मिटर लामो झोलुङ्गे पुल यसै महिनादेखि निर्माण सुरू हुने जनाइएको छ ।

नेपाल स्वाधिन नभएसम्म समृद्धि सम्भव छैन- बाँस्तोला

■ **नवविकल्प**

नेकपा माओवादीका स्थाई समिति सदस्य धर्मेन्द्र बाँस्तोलाले स्वाधिन नभएसम्म नेपालको सम्बृद्धी सम्भव नभएको बताउनुभएको छ ।

नेकपा माओवादी म्याग्दीले सोमबार बेनीमा आयोजना गरेको नेपालको वर्तमान परिवेश र अवको बाटो विषयक अन्तरक्रिया कार्यक्रममा नेता बाँस्तोलाले हरेक निर्णय र काममा बिदेशी हस्तक्षेप हुँदा नेपालको स्वाधिनता संकटमा परेको बताउनुभयो ।

भारत र पश्चिमा राष्ट्रहरूले विभिन्न बाहनामा नेपालको निती निर्माणमा हस्तक्षेप गरेको नेता बाँस्तोलाको आरोप छ । उहाँले नयाँ संबिधानले देशको वर्तमान समस्या समाधान गर्न नसकेको बताउनुभयो । नेपालको आर्थिक, सामाजिक, राजनितिक र भौतिक विकासका लागि एकिकृत जनक्रान्तिको तयारी गरेको नेता बाँस्तोलाले बताउनुभयो ।

कार्यक्रममा नेकपा माओवादीका स्थाई कमिटि सदस्य पारषमणी, धौलागिरी ईञ्चार्ज ध्रुब घिमीरे, नेकपा एमालेका अध्यक्ष हरिकृष्ण श्रेष्ठ, नेकपा माओवादी केन्द्रका कमल केसी, राप्रपाका एकेन्द्र रावल लगायतले देशमा शान्तिको आवश्यकता रहेको बताउँदै नेपालका राजनितिक दलहरू एकतावद्ध भएर बिदेशी हस्तक्षेप विरूद्ध लड्नुपर्ने बिचार ब्यक्त गर्नुभयो ।

नेकपा माओवादी म्याग्दीका सेक्रेटरी गमबहादुर श्रीसको अध्यक्षता र शिवकुमार श्रेष्ठको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

म्याग्दीका ९३ प्रतिशत घरधुरीमा आधारभुत खानेपानी सुबिधा

■ **नवविकल्प**

म्याग्दी जिल्लाको ९३ प्रतिशत भन्दा बढी घरधुरीमा आधारभुत खानेपानी सुबिधा पुगेको छ ।

२४ हजार ५९९ घरधुरी रहेको म्याग्दीका ९३.२४ प्रतिशत घरधुरीमा आधारभुत खानेपानी सुबिधाको पहुँच पुगेको खानेपानी तथा सरसफाई सबडिभिजन कार्यालयले जनाएको छ । कार्यालयका अनुसार आर्थिक वर्ष २०७१र७२ सम्म ९१.४४ प्रतिशत घरधुरीमा ब्यवस्थित खानेपानी सुविधा रहेको थियो । आर्थिक वर्ष २०७२र७३ को अवधिमा करिब तिन प्रतिशत घरधुरीमा खानेपानी सुविधा विस्तार भएको सब डिभिजन प्रमुख ईञ्जिनियर शेखरचन्द्र केसीले बताउनुभयो ।

उहाँका अनुसार जिल्लाका दुई हजार ४९० घरधुरीमा निजी धारा जडान भएको छ । बेनीबजार, गलेश्वर, बाबियाचौर र राम्चेको नांगीमा निजी धारा जडान भएको छ । आगामी ५ वर्षसम्म सतप्रतिशत घरधुरीमा खानेपानीको धारा जडान गर्ने लक्ष्य राखिएको छ ।

मुहान सफा र ब्यवस्थित भएको, मुहानबाट प्रसोधन गरि धाराबाट वितरण गरिने खानेपानीमा सर्वसाधारणको सहज पहुँच भएको अवस्थालाई आधारभुत खानेपानी सुबिधा भएको मानिएको छ । म्याग्दीमा हालसम्म ५७० बटा खानेपानी योजना निर्माण भएका छन् ।

खानेपानी सुबिधाको हिसावले मुदी गाविस सबैभन्दा पछाडी परेको छ । ५५५ घरधुरीको बसोबास रहेको मुदीका ३१८ घर अथवा ५७.८२ प्रतिशतले ब्यवस्थित खानेपानी सुबिधाको उपयोग गर्न पाएका छन् ।

मुहानको संरक्षण, रिजर्भ टंकीमा संकलन गरि प्रसोधन गरेपछि सार्वजनीक अथवा ब्यक्तिगत धाराको खानेपानी उपभोग गर्नेलाई सुरक्षित मानिन्छ । खुल्ला मुहान, कुवा, खोल्साको पानीलाई प्रसोधन नगरी सिधै उपयोग गर्नुलाई असुरक्षित मानिन्छ । यसरी असुरक्षित पानीको उपभोग गर्ने घरसंख्या जिल्लामा दुई हजारको हाराहारीमा छ ।

अस्थाई शिक्षकको तथ्याङ्क अद्यावधिक गरिँदै

■ **नवविकल्प**

जिल्ला शिक्षा कार्यालय म्याग्दीले अस्थाई शिक्षकको तथ्याङ्क अद्यावधिक गर्न सुरू गरेको छ ।

सरकारले ल्याएको नयाँ शिक्षा ऐनले अस्थाई शिक्षकको ब्यवस्थापनका लागि गरेको ब्यवस्था कार्यान्वयनका लागि शिक्षा कार्यालयले आवश्यक तयारी गरेको हो । सरकारले अस्थाई शिक्षकलाई ब्यवस्थापनका लागि स्थाई हुन आन्तरीक प्रतिस्पर्धा अथवा गोल्डेन हेन्डचेक मध्य एक रोज्ने विकल्प ल्याएको छ ।

शिक्षा बिभागको निर्देशन अनुसार हाल जिल्लामा रहेका अस्थाई स्थाई शिक्षकको तथ्याङ्क संकलन र अद्यावधिक गर्ने काम भैरहेको जिशिअ रामप्रसाद अधिकारीले बताउनुभयो । उहाँका अनुसार हाल म्याग्दीका सामुदायीक विद्यालयको प्राबिमा २८३, निमावीमा ५६, माविमा ३७ र उच्च माविमा १३ गरि ३८८ जना अस्थाई शिक्षक कार्यरत रहेका छन् ।

२३२ वटा सामुदायिक विद्यालय रहेको म्याग्दीमा एक हजार स्थाई दरबन्दि र राहत कोटामा २८१ जना शिक्षक कार्यरत छन् । साउन ७ गतेसम्म सबै विद्यालयहरूलाई स्थाई र अस्थाई शिक्षकको विवरण जिल्ला कार्यालयमा बुझाउन पत्राचार गरीएको थियो ।

सेवा सुबिधाको विषयसंग जोडिएकाले विवरण संकलन कार्यमा अस्थाई शिक्षकहरू आफैले चासो दिएर शिक्षा कार्यालयको सर्म्पकमा आएका छन् । सरकारले देशभर कार्यरत अस्थाई शिक्षकको विवरण संकलन गरि गोल्डेन हेन्डचेकका लागि बजेट ब्यवस्था र आन्तरीक प्रतिस्पर्धाका लागि शिक्षक सेवा आयोगसंग समन्वय गर्ने तयारी गरेको छ ।

कुहुँका आमाहरु सामाजिक काममा

■ **नवविकल्प**

म्याग्दीको कुहुँ का महिलाहरूले नाचगान गरेर जुटाएको पैसा विकास निर्माण, सामाजिक क्रियाकलाप र विपन्नको उत्थानमा लगानी गरेका छन् ।

कुहुँ ४ को मालीका आमा समूहले गाउँमा लाहुरे स्वागत, बिवाह, छेवार र सभा समारोहमा नृत्य प्रस्तुत र काम गरेर जुटाएको १५ लाख रूपैयाँ भन्दा बढी रकम सामाजिक काममा लगानी गरेका हुन् ।

बिस वर्षअघि स्थापना भएको आमा समूहले मन्दिरको पुननिर्माण, बालबिकास भवन र सभाहल निर्माण गरेका छन् । भोज भतेरमा आवश्यक पर्ने भाडावर्तनका सामाग्रि खरिद गरेर भाडामा लगाउदै आएका उनिहरूले त्यहाँ सामुहिक रूपमा श्रम गरेर प्राप्त हुने ज्याला समेत कोषमा जम्मा गरेका स्थानीय युवा एकजित रोकाले बताउनुभयो । आमा समूहले पन्ध्र लाख एक सय रूपैयाँ आम्दानी गरि विभिन्न क्रियाकलापमा बाह्र लाख एक सय रूपैया खर्च भएको जनाएको छ । तिन लाख रूपैया विपन्न र गरिब महिलाहरूको आयआर्जन वृद्धीका लागि सहुलियत ब्याजदरमा बिना धितो ऋण उपलब्ध गराइएको आमा समूहकी अध्यक्ष पूर्णमाया शेरपुञ्जाले बताउनुभयो ।

आमा समूहले दिपशिखा उच्च मावि लगायत आर्थिक समस्यामा परेका अन्य विद्यालय, संघ संस्था र ब्यक्तिहरूलाई पनि सहयोग गरेका छन् । समूहको २० औं स्थापना दिवसको अवसर पारेर मंगलबार तिन कोठे भवनको उद्घाटन गरिएको छ । सभाहल, बालकक्षा र समूहको कार्यालय रहेको भवनको कुहुँ गाविसको अगुवा महिला यामकुमारी पुनले उद्घाटन गर्नुभएको हो । आमा समूहकी अध्यक्ष पूर्णमाया शेरपुञ्जाको अध्यक्षता, यामकुमारी पुनको प्रमुख आतिथ्यता, बिष्णु शेरपुञ्जाको सञ्चालन र यामकुमारी शेरपुञ्जाको स्वागतमा कार्यक्रम सम्पन्न भएको थियो ।

कार्यक्रममा मनकामना आमा समूहका अध्यक्ष हिरा राम्जाली, देउराली युवा कल्वका प्रतिनिधि एकजित रोका, दिपशिखा उच्च मावि विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष डेकबहादुर राम्जाली, कुहुँ महिला सञ्जालका अध्यक्ष गौमती रोका र निवर्तमान गाविस अध्यक्ष प्रेमप्रसाद रेग्मीले शुभकामना मन्तब्य ब्यक्त गर्नुभएको थियो । बिष्णु शेरपुञ्जाको संचालन र यामकुमारी शेरपुञ्जाको स्वागतमा कार्यक्रम सम्पन्न भएको थियो ।

नव विकल्प साप्ताहिक
बेनी, म्याग्दी

सम्पादकीय ...

यो कस्तो संसदीय खेल ?

g]skf dfcf]jfbL s]Gb|n] sk|L cfnL ;/sf/nfO{ lbPsf]; dyg lkmtf{ub{; /sf/af6 jflx/lP kl5 dh'sdf /fhgLlts ;+s6 b]vf k/]sf] 5 . dfcf]jfbL / gkfnL sfË|]; n]; +bdf ;/sf/ lj?4 btf{u/]sf]cljZjf; sf] k|:tfj dfly 5nkmn ePsf]5 . z'qmaf/af6 ;'? ePsf] k|:tfj pk/ sf]5nkmnn]bnx?sf ljr ltQmtf l;hg{f u/]sf]5 . ;+jwfg sfo{Gjogsf] r/0fdf /x]sf jh]f bnx?sf ljr cfk;L ;xdlt / ;xsfo{xg'sf ;f6f] cf/f]k k|Tof/f]kdf hfb]f ;+jwfg sfo{Gjogdf bnx?sf] k|tj4tf dfly ;+sf pTkGg ul/lbPsf]5 . ;+jwfgsf] ;+qmd0fsfnnfO{ l56f]eGbf l56f]cGTo u/]/ dh'snfO{ cfly{s ljsf;sf] lbzfdf nh]fg'sf kg]{ ;dodf ;Qf kl/jt{gsf]vh]n]lg/fzf pTkGg u/]sf]5 .

gofF;+jwfg hf/L x'g'eGbf cuf8L bnx?sf ljr ePsf ;xdlt / ;Demf}tf ;+jwfg hf/L ePkl5 Ps kIfn]pNª3g ug{kUof]. o;n] sfË|]; ;/sf/ eGbf jflx/ /xof]eg]clxn]kmf]/L g]skf dfcf]jfbL s]Gb|/ g]skf Pdfn]ljr ePsf elgPsf ;xdlt / ;Demf}tf g]skf Pdfnh]kfngf gub{f clxn]sf]/fhgLlts ;+s6 lgDtLof] . z'qmaf/ b]v ;'? ePsf]cljZjf;sf]k|:tfj pk/sf] 5nkmndf JoQm ePsf ljrf/x?n];+blo /fhgLltsf] lvNnL p8]sf] 5 . hgtfaf6 lrlgPsf ;f+;bx?n] ul/dfdo ;+bdf ljrf/ JoQm ubf{;Eo tl/sfn]JoQm x'gkb{of]. o4kL xfdf]; +bdf of]klxnf]eg]xf]Og . dh'ssf]:jfy{eGbf klg blno / JolQmut :jfy{sf sf/0f ;+bdf leGg vfnsf rl/qx? b]vf kg{u/]sf 5g\. dh's / hgtfsf]kIfdf jxz / ljrf/ JoQm ug'{sf ;f6f]blno kmfObf / Ps csf{hfO{cf/f]k k|Tof/f]kdf g}{ ;do vlrP{sf 5g\. o;n];+blo /fhgLlts ;+sf/ / ;+s[t k|t gkfnL gful/sx?df ljt[i0ff pTkGg xG5 . ;+blo /fhgLltsf]jbgfd xG5 .

gofF ;+jwfgdf gful/sx?n] k|ToIf lgjf{rt sfo{sf/L /fi6kltsf]Joj:yf ug{kg]{kIfdf dt hfx]/ u/]sf]lyP . gful/s sf]dtnfO{bnx?n]j]:tf u/]. hj ;Dd k|ToIf lgjf{rt sfo{sf/L /fi6klt jf kwfgdGqLsf] Joj:yf ul/bg tj ;Dd dh'sdf kmf]xf]/L ;+blo vh dfh]pF . clxn] hf] eO/x]sf] 5 . k6s k6s ;/sf/ kl/jt{gsf]vhn]dh'snfO{ cfly{s ;d[4sf]af6fdf nh]fg ;Sbg . l;ldlt sx]L g]fx?sf]:jfy{sf sf/0f dh's aGbL eO/x]sf]5 . nf]stfGqLs u0ftGq :yfkgf ePsf]Ps bzs ljlt;Sbf klg dh'sn]cfly{s ;d[4sf]lbzf kqmg ;s]sf]5g . @)^@÷)^# sf]cfGbf]ngaf6 k|Kt ePsf pknAwLx? ;+yfut xg ;s]sf 5gg . gofF;+jwfgnfO{kf0f{?kdf sfo{Gjog gub{f ;Dd gful/sx?n]u0ftGqsf]cg'el't ug{kfpg]5gg\. ;+blo kmfxf]/L vhaf6 dfly p7]/ bnx?n]gofF;+jwfgsf] sfo{Gjogsf]af6fhfO{;/n agfpgkb{5 . kmf]/L klg ;xdlto ;+sf/ / ;+s[tnfO{ ;jh]cfTd;fy ub{cl3 j9g'sf] sg}ljsNk 5g . ;ah]fO{r]gf xf];\.

l6kk0fL, k|ltlqmof / ;emfj

नवविकल्प साप्ताहिकमा छापिएका लेख,समाचार, वा अन्य सामाग्रीमाथि आफूलाई लागेका विचार, धारणा पठाउनुहुन अनुरोध छ । स्वच्छ र सटिक तथा आलोचनात्मक टिप्पणीलाई प्राथमिकता दिइनेछ ।

सम्पर्क:

bikalpanews@gmail.com

फोन : ०६९-५२०९९५ मो.नं. : ९८४७६२४२८६

कहिलेकहीँ गाली पनि वरदानसिद्ध हुँदो रहेछ !!?



चन्द्रप्रकाश बानियाँ

काकालाई एकपटक ससुरालीसँग कुनै विषयमा निकै रिस उठेछ रे ! रिसको झोकमा ससुराली पुगेर ठाडै खुट्टा तितोपिरो सुनाएर फर्कनु भएछ । जति कोशिस गरेपनि ज्वाईले भनेको कुरा ससुराजीको समझमा घुसेनछ र माहिला छोरालाई बोलाएर -“ए ! नारन, जा बाबु, भिरमुनी पुगेर ज्वाइसाबले वास्तवमा भन्नु भएको कुरा के रहेछ ? बुझेर आइज त“ ! भनीपठाउनु भएको थियो रे । ठठ्टाको कुरा होइन, वास्तविक घटना हो यो । पण्डित कान्छाबा, अर्थात मेरा आदरणीय आफन्ती, छिमेकी, गुरू र सहकर्मी केदारनाथ पौडेलको सम्वादशैली विचित्रको थियो । सामान्य घरव्यवहारमा समेत सोझो र सरल वाणी प्रयोगगर्नु हुन्थेन । मानौं कुनै मानिसले काकाले लिनुभएको सरसापट ऋण धन फिर्ता माग्न आयो तर तत्काल दिन सकिने अवस्था छैन भने भन्नुहुन्थ्यो-“ परेवाले बचेरा त कोरलेको छ, तर भर्खर काइयाँपोक(प्वाँख) निस्कन थालेका छन, हुर्केर अलि भकुल्ला भएपछि मै पुर्‍याउन आउँला“! काकाको सम्वादशैलीसँग परिचित रहेछ भने-“ पैसाको ब्यवस्था गरेको छु, तर दुई चारदिन विलम्व हुने भो, बरू ब्याजसमेत एकमुष्ट दिउँला । तपाईले पाउ कष्ट गर्नै पर्देन, मै पुर्‍याउन आउँला“ भनेको हो भनेर बुझ्थ्यो र “हवस्” भनेर फर्कन्थ्यो । होइन मान्छे खाइ खेलेको परेनछ भने लाटोले केरा देखे झैं छक्क पर्थ्यो अथवा काकाको भनाईको गलत अर्थ निकालेर बम्कन थाल्थ्यो ! अनि काकाको मुखारविन्दबाट झर्थ्यो- “म गर्छु आग्राको कुरा, तँ भने..., लाटा“ !

वाणीको लेनदेन साँचै एउटा सम्वेदनशील विषय हो । सामान्य वार्तालापको सन्दर्भमा बुझाइ फरक पर्न गयो भने अर्थको अनर्थ लाग्ने र सम्बन्धमा तिक्तता आउने परिस्थिति उत्पन्न हुनसक्छ । “उही आगोले पोल्छ, उही आगोले सेक्छ“ भनेजस्तो शब्द र वाक्यहरू उनै भए पनि श्रोताको बुझाईमा प्रसङ्गबस कहिले गाली ठहरिन्छ कहिले सराहना ! हप्तादिन अगाडिको कुरा हो, आफूलाई चित्त बुझेन भने अमर्यादित शब्दहरू खोजी खोजी आफ्नो फेसबुक वाल रङ्गाइहाल्ने, अनेत्रीका टाइमलाइनहरूमा तिक्त प्रातिक्रिया जनाइहाल्ने एकजना आफन्तलाई त्यसो नगर्न सल्लाह दिने मनशायले-“लक्षित श्रोताले स्वीकार गरेन भने तिमीले गरेको गाली आफैंतिर फर्कन्छ“ भन्ने गौतमबुद्धको प्रसिद्ध भनाई उनको टाइमलाईनमा लेखिदिएको थिएँ । सम्बन्धित आफन्तबाट त कुनै प्रतिक्रिया आएन तर-“त्यसको राम्रो जानकारी राख्नुपर्ने त आफै चन्द्रप्रकासजीले हो“ भनेर म्याग्दीका एकजना पत्रकार मित्रले प्रतिटिप्पणी गर्नु भएको थियो ।

नीतिले भन्छ- “सत्यम् ब्रुयात् प्रियम्ब्रुयात्, नब्रुयात् असत्यम्प्रियम्“ ! अर्थात सत्य बोला, मिठो बोल, अरूलाई नमिठो लाग्ने सत्य पनि नबोल । हो, अरूलाई अप्रिय लाग्ला कि भन्ने हेक्का राखेर वाणी खर्चनु राम्रो हो । त्यसमाथि कसैलाई गाली गर्ने कुरा त झन राम्रो हुदै होइन । कसै कसैमा सानो कुराको लागि पनि तथानाम गाली गर्ने स्वभाव हुन्छ । त्यो संस्कारको करामत हो । कस्तो समाज र वातावरणमा हुर्केको छ त्यस्तै संस्कार मान्छेमा विकास हुने हो । कम्युनिष्टहरू गाली गर्न सिपालु हुन्छन् । ममा पनि खोलो हिँडेको ठाउँमा चिसो बाँकी रहेको हो कि ? पूर्व संस्कारबाट मुक्त भैहाल्न गाह्रो परेको हुनसक्छ । गालीगलौजबाट बच्ने अभ्यास गर्न थालेको बच्चैदेखि हो । त्यसैले कसैको आलोचना गर्नैपर्ने खण्ड आयो भने पनि अमर्यादित शब्दहरूको प्रयोग गर्नबाट बच्न सचेत प्रयत्न गरिन्छ । तैपनि कसैको बुझाईमा गाली शिरोमणि नै ठहरिएपछि बुझाईमा फरक परेको हो भनेर उम्कन मिल्दैन । “हावा नचली पात हल्लिदैन“ भनिन्छ । बुढेसकालमै भए पनि पत्रकार मित्रको प्रतिक्रिया मेरा लागि गुरूमन्त्र भएको छ । आफूलाई सच्याउने प्रेरणा मिलेको छ भन्न पाउँदा कुनै हिनताबोध हुदैन । खुसी नै लागेको छ ।

बुझ्नै पर्ने एउटा वास्तविक तथ्य के रहन्छ भने गाली, र आलोचनाबीच स्पष्ट अन्तर हुन्छ । हरेक स्वस्थ आलोचनालाई गालीको रूपमा बुझ्नु कमजोरी मानिन्छ । द्वेष, इर्ष्या, जलन, रिस, वैरभाव र आवेगबाट गाली उत्पन्न हुन्छ भने आलोचना विषयबस्तुको समीक्षा गर्ने मनशायको अभिब्यक्ति हो । हुदै नभएको कुराको अभियोग लगाएर अमर्यादित शब्दहरूको प्रयोग गर्नु गाली हो । जान अनजानमा हुन गएका गल्ती कमजोरी सच्याउनका निम्ति रूखो शैलीमा दिइने नसिहतलाई पनि गाली नै भन्ने गरिन्छ तर त्यस्तो चेष्टाको आशयलाई गालीको रूपमा परिभाषित गर्न मिल्दैन । त्यो नसिहत हो, आयन्दा गल्ती नदोहोर्‍याउन दिइएको चेतावनी हो । खासगरेर अविभावकहरूबाट केटाकेटी, किशोर किशोरी वा चेला चेलीलाई दिइने त्यस्तो नसिहतलाई बोलीचालीको भाषामा “हप्कीदप्की“सम्म भन्न मिल्छ । गालीमा मिथ्या अभियोग हुन्छ । आलोचना तथ्यमा आधारित हुन्छ । यसअर्थमा कुनै कुरा गलत हो भनेर गरिने स्वस्थ आलोचनालाई गाली भन्न मिल्दैन ।

प्रमाणित कुरा त होइन, तर सुनन्छि इष्ट इण्डिया कम्पनीले भारत छोड्नुपूर्व सुगौली सन्धीमा नेपालले गुमाएको भूभाग फिर्तादिने मनसाय प्रकट गरेको थियो रे ! तिनताकासम्म नेपालमा राणशाहीविरूद्ध जनस्तरबाट असन्तोष प्रकट हुन थालीसकेको हुनाले थप भूमि डोलाउनु “नदुखेको कपालमा डोरी कसेर दुखाउनु“ जस्तो हुन्छ भनेर अन्तिम राणा प्रधानमन्त्री मोहन समशेरले भूमि फिर्तालिन इन्कार गरेका हुन रे ! जहानीया शासनको आयु लम्ब्याउने नीहित उद्देश्यले मोहन समशेरबाट हुन गएको गल्ती राष्ट्रहित विरूद्ध थियो । त्यो कार्यलाई राष्ट्रघाती भन्नु गाली हुदैन । गलत भयो भने मात्र पुग्ने ठाउँमा राष्ट्रघाती शब्दको प्रयोग गरिएको भए पनि त्यो गाली होइन, आलोचना मात्र हो । अझ सुगौली सन्धीमा गुमाउनुपरेको भूमि फिर्तालिइदिएको भए राम्रो हुन्थ्यो भन्ने आशय थपियो भने त्यो समालोचना हुनजान्छ । गण्डकी, कोशी र महाकाली नदीको जालउपयोग सम्बन्धमा भारतसँग भएका सन्धीहरूमा नेपाल ठगिएको कुरा सत्य हो । नेपाललाई नोक्सान गर्नेगरी भए गरिएका ती सन्धी सम्झौताबाट देशघात र जनघात भएको मानिन्छ । ती त्यस्ता सन्धी सम्झौताहरूमा अग्रणी भूमिका निर्वाह गर्ने वा संलग्न रहनेहरूले घाटाको सौदा नगरिदिएका भए हुन्थ्यो भन्ने आशय प्रकट गर्नु गाली होइन । गएको कुरा सिद्धियो, किन उरलभिरल पार्ने भनेर भन्न पनि मिल्दैन । त्यस्ता सन्धी सम्झौताहरू दीर्घकालसम्म प्रभाव पार्ने खालका हुन्छन । सन्तान दर सन्तानसम्मले नोक्सानी ब्यहोर्नुपर्ने हुन्छ । भलै ती सन्धी सम्झौताहरूमा विश्वेस्वर कोइरालाजस्ता देशका मूर्धन्य नेताको नाम जोडिको किन नहोस् मानिसबाट तिक्त प्रतिक्रियाहरू ब्यक्त हुनु अस्वाभाविक हुदैन । मुख फोर्न नसके पनि कोशी, गण्डकी र टनकपुरमा भएको मत्स्यन्यायको विद्रुप रूप देख्दा जोसुकैको मन अवश्य कुढिन्छ । कुँढिएको मानसिकताले कसैलाई आशिर्वचन दिन सक्तैन ।

बारम्बार नकामहरूको पुनरावृत्ति गरिरहने वानी लागेको मानिसलाई कसैको तिक्त प्रतिक्रियाले सुध्रने अभिप्रेरणा दियो भने त्यसलाई गालीको कोटीमा गणना गर्नु अन्याय हुन्छ । आक्रोसपूर्ण, अमर्यादित र तिक्त प्रतिक्रिया पनि कसैको चरीत्र रूपान्तरणमा सहयोगी सिद्धभयो भने त्यसलाई सतप्रशयाश भन्नु पर्ने हुन्छ । वदनियत राखेर खति पुर्‍याउने मनशायबाट गरिएका गाली पनि समय सन्दर्भले कसरी वरदान र आशिर्वचन बन्न जान्छन् भन्ने कुराको एउटा सानू प्रसङ्ग सुनइहालौं कि !

पञ्चायतकालले कालरात्रीको नाम त्यसै पाएको होइन । राजा र ब्यवस्थाको जय मनाएर “मान बक्सिस“मा रमाउनेहरूका लागि पञ्चायत स्वर्ग थियो होला । तर अलिकता सामाजिक चेतना भएको, राजनीतिक रूपले सचेत र नागरिक अधिकारको महत्वबोध गर्न सक्ने मान्छेका लागि पञ्चायत निसास्निुपर्ने अन्धकार गुफासमान थियो । राजा र राजपरिवारको कुरा परैरहोस्, राजाका हुक्के बैठकेहरूको हैसियत पनि नभएका पञ्चहरूको आलोचना गर्न धक मान्नु पर्थ्यो । ब्यवस्थाको विरोध गर्न प्रतिबन्ध थियो । पहुँचवाला पञ्चहरूको कर्के नजर जोकसैमा पर्‍यो मात्र भने पनि राजद्रोहको मुद्दा लाग्न सक्थ्यो । राजकाज अपराध नियन्त्रण ऐन सक्रिय हुनेगरी आरोपित गरिन्थ्यो । अराष्ट्रितत्व भनेर जेलमा सडाइन्थ्यो । राजाबाट बक्स भएको ब्यवस्था हुनाले पञ्चायतको विरोध पनि राजद्रोह नै मानिन्थ्यो ।

त्यो जमानामा कसैलाई दुख दिनुपर्‍यो भने ब्यवस्थाविरोधीको विल्ला भिराई दिए पुग्थ्यो । पञ्चहरूका लागि त्यो इविसाधनाको सबभन्दा बलियो र धारिलो हतियार बनेको थियो । कसैलाई ब्यवस्था विरोधीको आरोप लगाउनु सबभन्दा ठूलो गाली दिनु हुन्थ्यो । म आफैंलाई पनि त्यो अभियोग लागेको थियो । भएको कुरा के थियो भने राजसभाका पूर्व माननीय सदस्य रूद्रबहादुर केसी अध्यक्ष रहेको म्याग्दीको तत्कालीन जिल्ला शिक्षा समितिले “ब्यवस्था विरोधी गतिविधिमा संलग्न रहेको हुनाले फलनालाई सेवाबाट वर्खास्त गर्नु“ भनेर विद्यालय सञ्चालक (सहयोग) समितिलाई पत्राचार गरेछ । स्वभावतः स्कुल सञ्चालक समितिले शिक्षा समतिको निर्देशनलाई उद्धृत (कोट) गरेर अवकाशपत्र थमायो । पञ्चले गरेको कामको विरूद्ध अदालत पनि निरीह हुन्थ्यो । शिक्षकको जागिर गयो । ब्यवस्थाविरोधीको संगिन आरोप लागेपछि सरकारी जागिरमा प्रवेशको ढोका बन्द हुने नै भो । आजकालजस्तो रोजगारीको खोजीमा विदेशतिर लाग्ने चलन पनि थिएन । त्यस्तो इच्छा जागे पनि ब्यवस्था विरोधीको विल्ला भिराइमागेको मानिसले राहदानी पाउने सम्भावना थिएन । घरमै कुटो कोदालो गरेर बस्नुको विकल्प रहेन । त्यसरी पुरै ८ वर्षको लामो अवधि बिताउन विवश बन्नुपर्‍यो । २०४६ सालको राजिनीतिक परिवर्तन पछि भने ब्यवस्था विरोधी गतिविधिमा संलग्नताको आरोप अवकाशपत्रमा स्पष्ट किटानीसाथ उल्लेख गरिएको हुनाले पुनर्बहालीलाई सहज बनाइदियो । पञ्चायत कालमा ठूलो दुर्वासाश्राप (गाली) ठहरिने ब्यवस्थाविरोधीको विल्ला ब्यवस्था ढलेपछि पारितोषिक बन्यो भन्दा फरक नपर्ला !

मठ मन्दिरमा पूजा अर्चना गर्दा देवताको “जय मनाउने“ परम्परा सनातन अभ्यासको कुरा हो । वास्तवमा त्यस्तो परम्परा देवतालाई चिढाउने उद्देश्यबाट प्रारम्भ भएको हो कि जस्तो लाग्छ । मानिस जावोको मुखबाट पटक पटक आफ्नो जय होस् भनेको सुन्नुपर्दा देवतालाई रिस उठ्छ होला । अनि रिसको झोकमा “तेरै जय होस“ भन्ने वाक्य भगवानको मुखबाट झर्‍यो भने त पुगि गो नी ! होइन र ? ■

> ... गाली, र आलोचनाबीच स्पष्ट अन्तर हुन्छ। हरेक स्वस्थ आलोचनालाई गालीको रुपमा बुझ्नु कमजोरी मानिन्छ। द्वेष, इर्ष्या, जलन, रिस, वैरभाव र आवेगबाट गाली उत्पन्न हुन्छ भने आलोचना विषयबस्तुको समीक्षा गर्ने मनशायको अभिव्यक्ति हो। हुदै नभएको कुराको अभियोग लगाएर अमर्यादित शव्दहरुको प्रयोग गर्नु गाली हो। जान अनजानमा हुन गएका गल्ती कमजोरी सच्याउनका निमित्त रुखो शैलीमा दिइने नसिहतलाई पनि गाली नै भन्ने गरिन्छ तर त्यस्तो चेष्टाको आशयलाई गालीको रुपमा परिभाषित गर्न मिल्दैन। त्यो नसिहत हो, आयन्दा गल्ती नदोहोर्‍याउन दिइएको चेतावनी हो। खासगरेर अविभावकहरुबाट केटाकेटी, किशोर किशोरी वा चेला चेलीलाई दिइने त्यस्तो नसिहतलाई बोलीचालीको भाषामा “हप्कीदप्की”सम्म भन्न मिल्छ। गालीमा मिथ्या अभियोग हुन्छ। आलोचना तथ्यमा आधारित हुन्छ। यसअर्थमा कुनै कुरा गलत हो भनेर गरिने स्वस्थ आलोचनालाई गाली भन्न मिल्दैन।

मिस्त्रीखोला जलविद्युत आयोजनाको कार्यमा तिव्रता

■ नवविकल्प

म्याग्दीको नारच्याङमा ४२ मेघावाट क्षमत्ताको मिस्त्रीखोला जलविद्युत आयोजना निर्माण सुरू भएको छ ।

रोवष्ट ईनर्जीले निर्माण गर्न लागेको आयोजनाको विद्युतगृह रहने स्थानदेखि बाँधसम्म पुग्ने सडक बनाइसकेको छ । बाँधदेखि सुरूङ रहने स्थानसम्म १८० मिटर दुरीको पहुँचमार्ग निर्माण सुरू भएको हो ।

आगामी असोज महिनाभित्र सुरूङको प्रवेशबिन्दु रहने ठाउसम्म पुग्ने पहुचमार्ग निर्माण गरिसक्ने लक्ष्य रहेको छ । हिउँद लागेपछि सुरूङ, बाँध र विद्युतगृह लगायत सिभिल निर्माणको काम सुरू गर्न तयारी भएको आयोजनाको परामर्शदाता कम्पनीका प्रतिनिधि चुडामणी निरौलाले बताउनुभयो ।

उहाँका अनुसार हालसम्म पहुँचमार्गको बिस मिटर सुरूङ निर्माण सकिएको छ । पाँच अर्ब ६० करोड रूपैया लागत अनुमान गरिएको आयोजनाको विद्युतगृह रहने नारच्याङ बेशीदेखि निलगिरी र घलेम्दी खोलाको दोभानमा रहेने बाँधसम्म ९ किलोमिटर सडक र तिन वटा बेलीब्रिज निर्माण भैसकेको छ । आयोजनाको सुरूङ २.३ किलोमिटर रहने जनाइएको छ ।

यसैगरी नेपाल ईन्भेष्टमेन्ट बैङ्कबाट ७० करोड, जलविद्युत विकास कम्पनीबाट एक अरब, नेपाल बैंकबाट ५० करोड, नविल बैंकबाट एक अरब, लक्ष्मी बैंकबाट ४० करोड, सिद्धार्थ बैंकबाट ३० करोड र एस डेभलभमेन्ट बैंकबाट ३० करोड ऋण लगानीका लागि सम्झौता भएको छ ।

विद्युत प्राधिकरणले दाना सब स्टेशन निर्माणका लागि ठेक्का सम्झौता गरिसकेकाले आयोजनाको पनि सुरूङमार्ग निर्माण सुरू गर्ने तयारी भएको आयोजनाका प्रबन्ध निर्देशक डोलराज शर्माले बताउनुभयो । ३१ महिनामा सब स्टेशन निर्माण सम्पन्न गर्ने विद्युत प्राधिकरणको लक्ष्य रहेकाले आयोजनाको काम पनि संगै सम्पन्न गर्नेगरी काम अघि बढाइएको छ ।

सबस्टेशन निर्माणमा ढिलाई हुदा वि.स २०६४ मा निर्माणको अनुमती पाएको आयोजनाको कामले आठ वर्षपछि तिब्रता पाएको हो । कालीगण्डकी करिडोर अन्तरगतको २२० केभी प्रशारण लाईनको विद्युत सबस्टेशन निर्माणका लागि ठेक्का सम्झौता गरेपछि मिस्त्री लगायत आयोजनाको कामले तिब्रता पाएको छ ।

मल्कवाङमा विद्युत सुबिधा

■ नवविकल्प

म्याग्दीको दुर्गम मल्कवाङ गाविसमा विद्युत सुबिधा पुगेको छ । भौगोलिक रूपमा बिकट मल्कवाङमा लघुजलविद्युत परियोजना निर्माण भएपछि विद्युत सुबिधा पुगेको हो ।

४२ किलोवाट क्षमत्ताको नन्दीवाङखोला लघुजलविद्युत परियोजना निर्माण भएपछि मल्कवाङ झिलीमिली बनेको हो । असार अन्तिम साता निर्माण सम्पन्न भई विद्युत उत्पादन सुरू गरेको परियोजनाबाट २१२ घरधुरी लाभान्वित भएका उपभोक्ता समितिका अध्यक्ष हरिप्रसाद छन्त्यालले बताउनुभयो ।

मल्कवाङको १, २, ३, ४, ५ र ६ नम्बर वडाका घरहरूमा लघुजलविद्युत परियोजनाको विद्युत सुबिधा पुगेको छ । स्थानीय बासिन्दाहरू यसअघि उज्यालोका लागि सोलार र टुकीमा निर्भर थिए । लघुजलविद्युत परियोजना निर्माण भएपछि रातको समयमा उज्यालोका साथै टिभी हेर्न, मोवाईल चार्ज गर्न, रेडियो बजाउन सहज भएको छ ।

विद्यार्थीहरूले विजुलीको उज्यालोमा बसेर पढ्न पाएका छन् । मट्टितेल किन्दा हुने खर्च बचत भएको छ । बैकल्पीक उर्जा प्रर्वद्धन केन्द्र आर्थिक र धौलागिरी सामुदायीक स्रोत विकास केन्द्रको सामाजिक तथा प्राबिधिक सहयोगमा मल्कवाङ बासिले लघुजलविद्युत परियोजना निर्माण गरेका हुन् ।

चार वर्षमा निर्माण सम्पन्न भएको परियोजनामा दुई करोड २३ लाख ६५ हजार रूपैया लगानी भएको छ । बैकल्पीक उर्जा प्रर्वद्धन केन्द्रले ८१ लख ९० हजार रूपैयाँ उपलब्ध गराएको क्षेत्रीय सेवा केन्द्र धौलागिरी सामुदायिक स्रोत विकास केन्द्रकी सचिव सृजना थापाले बताउनुभयो ।

प्रवासमा रहेका मल्कवाङबासीले ४९ लाख, स्थानीय जनजागरण आमा समूह र सनलाईट युवा कल्वको २८ हजार रूपैया जुटाएका थिए । जिविसले दुई लाख र गाविस कार्यालयले तिन लाख रूपैयाँ अनुदान उपलब्ध गराएको परियोजना निर्माण गर्न समुदायले ५९ लाख ५५ हजार बराबरको श्रमदान गरेका छन् ।

घार-शिख सडक निर्माण कार्य तिब्र

■ नवविकल्प

म्याग्दीको पोखरेबगर देखि घार हुदै शिख जोड्ने सडक निर्माण कार्यले तिब्रता पाएको छ ।

जिविसद्धारा सडक बोर्डको बजेट मार्फत सञ्चालन गरिएको आयोजनाको अनुगमनमा न्युन भौतिक प्रगती भएको विषयमा गत असार दोस्रो साता गरिएको अनुगमन टोलीले सचेत र सञ्चार माध्यमहरूले समाचार प्रकाशन प्रशारण गरेका थिए ।

अनुगमन टोलीले सचेत बनाएको र सञ्चार माध्यमले ढिलासुस्तीको विषयमा दवाव सृजना, जिविसले ताकेता गरेपछि उपभोक्ता समितिले आयोजना निर्माणमा तिब्रता दिएको हो । एक महिनाअघि अनुगमन टोली जाँदा करिब दश प्रतिशत प्रगति भएको आयोजनाको साउन पहिलो सातासम्म ४८ प्रतिशत भौतिक प्रगति भएको जिविसका प्राबिधिक कमल चोखालले बताउनुभयो ।

उहाँका अनुसार जिविसले आयोजना सञ्चालन गर्न उपभोक्ता समितिसंग एक वर्ष म्याद थप गरेको छ । ३३ लाख ३९ हजार ८३६ रूपैयाको आयोजनाको हालसम्म १५ लाख ३० हजार ५६० रूपैयाँ बराबरको काम भएको प्राबिधिक चोखालले जानकारी दिनुभयो । उहाँका अनुसार एक हजार १२८ घनमिटर सोलीङ गर्नुपर्नेमा ३३६.९१ घनमिटर सोलीङ भएको छ । दुई हजार ८७८ घनमिटर माटो काट्ने र १२४ घनमिटर पहाड काटीएको छ । सोलीङ फाउन्डेशनका लागि २३८ घनमिटरको काम भएको छ भने १४९.५ घनमिटर ग्याबियन पर्खाल निर्माण भएको छ । ७.७ घनमिटर रिटेनीङ वाल निर्माण र घार क्षेत्रमा ९४.४३ घनमिटर ग्राभेल गरिएको छ ।

घार, खिवाङ र शिख क्षेत्रमा छुट्टा, छुट्टै प्याकेजमा काम भैरहेको छ । उपभोक्ता समितिका अध्यक्ष तुलबहादुर गर्बुजाले निर्धारीत समय अगावै आयोजनाको काम सम्पन्न गरेर घार शिख सडकमा सहज रूपमा सवारी आवागत हुन सक्ने बनाउने बताउनुभयो ।

खोप्रालेकमा चौरीको रगत पिउनेको लर्को

■ नवविकल्प

समुद्रि सतहदेखि तिन हजार पाँच सय मिटरको उचाईमा अवस्थित म्याग्दीको शिख गाविसको खोप्रा लेकमा सञ्चालन भएको चौरी गाईको आलो रगत पिउने मेलामा सर्वसाधारणको आकर्षण बढेको छ ।

चौरी गाईको आलो रगत पिएमा विभिन्न रोग निको हुनुका साथै शारिरीक स्फुर्ती बढ्ने जनविश्वास छ । चौरीको रगत पिएर परम्परागत बिधिबाट उचार गराएको हेर्नकै लागी चौरी मेलामा पुग्नेहरूको संख्या पनि बढ्दो छ ।

मेलामा हिमाली क्षेत्रको यार्सागुम्बा, जटामसि, निरमसी, पाँचऔंले लगायतका जडिबुटी पाईने चरनमा चरेका चौरीगाईको आलो रगत बिक्री हुन्छ । ग्यास्ट्रिक, गानोगोला, बाथ, शारीरीक कमजोरी र हाडजोर्नी सम्बन्धि रोग निको हुनका साथै शारिरीक स्फुर्ती बढ्ने चौरीको रगत पिउन खोप्रा लेक पुगेकी नारच्याङकी लिलादेवी पुनले बताउनुभयो ।

पुन विगत पाँच वर्षदेखि खोप्रा लेकमा सञ्चालन हुने मेलामा सहभागि हुदै आउनुभएको छ । शिखको लरेनी, खोप्रा लेक र बयलीखर्कमा हरेक बर्षको साउन र फागुन महिनामा चौरी गाईको आलो रगत पिउने मेला लाग्छ । नांगी पाउद्धार संयुक्त चौरीपालक कृषक समूहले शुक्रबारदेखि खोप्रा लेकमा आयोजना गरेको चौरी मेलामा सहभागिको ओईरो लागेको छ ।

म्याग्दीको शिख, घार, नारच्याङ, दोवा, दाना, भुरूङ तातोपानी, हिस्तान, राम्चे, घतान, पुलाचौर लगायत ठाउँका साथै काठमाडौ र पोखराबाट चौरीको आलो रगत पिउन मेलामा पुग्छन् । साउन ११ गतेसम्म सञ्चालन हुने मेलामा सहभागि हुन दुई सय जना भन्दा बढी सर्वसाधारण खोप्रा लेकमा पुगेका छन् ।

धेरैजसो रोग निको हुने र शारिरिक स्फुर्ती बढ्ने विश्वासका साथ चौरीको मेलामा पुग्छन् । चौरी गाईको घाँटीबाट रगत निकालीने र ठाडो घाँटी लगाएर सनक्कै रगत पिएको फरक प्रकृतिको मेलाको दृष्य अवलोकनका लागि मेला स्थल पुग्ने पनि उत्तिछै भेटिन्छन् । चौरी गाईका घाँटीमा बिशेष प्रकारको छुराले कोपेर रगत निकाल्ने गरिन्छ । एउटा चौरी गाईको शरीरबाट २० देखि २५ गिलासम्म रगत निकाल्दा समेत चौरी गाईको स्वास्थ्यमा कुनै असर नपर्ने आम्ची पर्तबहादुर चोचाङगीले बताउनुभयो । चौरीको रगत निकाल्ने काम गर्नेलाई आम्ची भनिन्छ ।

प्रतिगिलास एक सय रूपैयाँका दरले चौरीगाईको आलो रगत बिक्री हुने गरेको छ । यसरी भएको आम्दानी राम्चेको नांगीमा रहेको हिमाञ्चल उच्च मावि र शिखको पाउद्धार मावि सञ्चालनमा प्रयोग हुने नांगी पाउद्धार संयुक्त चौरीपालन समितिका सचिव भिम तिलीजा पुनले बताउनुभयो ।

चौरी गाईले आफ्नो रगत दान गरेर हजारौंको उपचार गराउनका साथै दुर्गम क्षेत्रका बालबालिकालाई शिक्षा दिएको छ । शिख गाविसको खोप्रा लेक क्षेत्रमा २०५३ सालमा मुस्ताङबाट ल्याएर चौरीपालन सुरू गरिएको थियो । एक सिजनमा मेला सञ्चालन गरेर डेढ लाख रूपैयाको हाराहारीमा हुने आम्दानी दुई वटा विद्यालयलाई बराबर बाड्ने गरिएको छ ।

खोप्रा लेकमा साढे दुई सय चौरी पालीएका छन भने चौरीको आलो रगत पिएर उपचार गराउनेको आकर्षणसंगै शिखकै बयली क्षेत्रमा पनि किसानले ब्यक्तिगत लगानी र राम्चेको महरे क्षेत्रमा नौमती बाजा समूहले चौरीपालन सुरू गरेका छन् ।

अदालतबाट लक्ष्य भन्दा बढी मुद्दा फस्यौट

■ नवविकल्प

जिल्ला अदालत म्याग्दीले गत आर्थिक वर्ष २०७२/७३ मा लक्ष्य भन्दा बढी मुद्दा फस्यौट गरेको छ ।

२७८ वटा मुद्दा फैसला गर्ने लक्ष्य लिएको अदालतले तिन सय मुद्दाको फस्यौट गरेको हो । अघिल्लो आर्थिक वर्षको जिम्मेवारी सरेर आएका ६८ वटा मुद्दा रहेको अदालतमा गत वर्ष २८३ वटा नयाँ मुद्दा दर्ता भएका थिए । गत आर्थिक वर्षमा फैसला हुन बाँकी रहेका ६८ वटा मुद्दा यस वर्षका लागि जिम्मेवारी सरेर आएका अदालतका निमित्त श्रेष्तेदार पदमबहादुर थापाले बताउनुभयो । अदालतमा सबैभन्दा बढी ८० वटा सम्बन्ध बिच्छेद सम्बन्धि मुद्दा परेका थिए ।

यसैगरी ५६ वटा सरकारीवादी र १२३ वटा दुनियावादी मुद्दा परेको अदालतले जनाएको छ । अदालतले तयार पारेको पञ्चवर्षिय र वार्षिक कार्ययोजना अनुसार मुद्दा फैसला हुन थालेपछि न्याय सम्पादन छिटो छरितो बनेको छ । यसैगरी अदालतले विभिन्न किसीमका सेवा निशूल्क र तत्कालै पाउन सकिने ब्यवस्था गरेपनि सेवाग्राहीले त्यसतर्फ चासो नदिएको कर्मचारीहरूले बताएका छन् ।

सबै काम एउटै छानामुनी
कलर तथा सादा छपाइ, नाइलन/डिजिटल छाप, स्टेशनरी तथा मसलन्द सामान, कलर तथा सादा कम्प्युटर प्रिन्ट, लेमिनेशन सेवा अर्डर बमोजिम सम्पूर्ण मसलन्द सामानहरु उपलब्ध गराइन्छ ।
प्रो. सुदर्शनकुमार श्रेष्ठ
दीप्ति अफसेट प्रेस एण्ड स्टेशनर्स
गणेशटोल बेनी, म्याग्दी
फोन नं. ०६९-५२०२४०, ५२०४४०, ९८५७६४०४४०, ९८४७६३३९९८
विजुली नभएको बेलामा जेनेरेटरको पनि व्यवस्था

भकारो सुधार गर्न साढे सत्र लाख अनुदान वितरण

■ नवविकल्प

पशु गोठ सुधार गर्ने म्याग्दीका तिन सय जना भन्दा धेरै कृषकहरूले यस वर्ष साढे सत्र लाख रूपैया अनुदान पाएका छन् ।

जिल्ला कृषि विकास कार्यालयले ३०५ र पशु सेवा कार्यालयले ३० जना कृषकलाई भकारो सुधार गर्न अनुदान रकम उपलब्ध गराएका हुन् ।

दुई वटा कार्यालयले आर्थिक वर्ष २०७२र७३ मा ३३५ जना कृषकहरूलाई भकारो सुधार गर्न १७ लाख ३६ हजार रूपैया अनुदान उपलब्ध गराएको जनाएका छन् । कृषि विकास कार्यालयले प्रतिकृषक पाँच हजार दुई सय र पशु सेवा कार्यालयले पाँच हजार रूपैयाँका दरले अनुदान वितरण गरेका हुन् । बेनी नगरपालिका क्षेत्रका साथै कुहुँ, पाखापानी, झिँ, देविस्थान, बाबियाचौर, घार, दाना, पात्लेखेत, ओखरबोट, दरवाङ लगायत गाविसका कृषकहरूले भकारो सुधार गर्न अनुदान सुविधा पाएका कृषि विकास कार्यालयकी योजना अधिकृत ज्योती क्षेत्रीले बताउनुभयो ।

कृषि प्रसार कार्यक्रमबाट एक सय, अभियानमुखी भकारो सुधार कार्यक्रमबाट दुई सय र एकिकृत जलस्रोत ब्यवस्थापन कार्यक्रम अन्तरगत पाँच वटा भकारो सुधार भएको योजना अधिकृत क्षेत्रीले बताउनुभयो ।

गुणस्तरीय प्राङगारीक मल उत्पादन गरी माटोको उर्वराशक्ती बढाउन परम्परागत भकारोको भुईलाई ढलान अथवा ढुंगा बिच्छ्याएर पलास्टर गरेका छन् । मलखादबाट खेर जाने नाईट्रोजनको मात्रा घटाउन छाप्रो र भकारोको छेउमा मुत्र संकलन गर्ने टंकी बनाइएको छ ।

भकारो सुधार गरेपछि पशुहरूको बसाई ब्यवस्थापन गरि गुणस्तरीय कम्पोष्ट मल मार्फत कृषि उपजको उत्पादन बढाउन सघाउ पुगेको बेनी नगरपालिका ५ जरबुटाका रमेश केसीले बताउनुभयो । भकारोको टंकीमा संकलन गरिइको गाईबस्तुको मुत्रलाई तरकारी र अन्नबालीमा लाग्ने रोगकिरा नियन्त्रणका लागि उपयोग गर्न थालेको केसीले बताउनुभयो ।

खुला ठाउँको मलखादबाट नाईट्रोजन नष्ट हुने तथा मुत्र खेर जाने गरेको अवस्थामा भकारो सुधार गरेपछि गुणस्तरीय मल उत्पादनमा सहयोग मिलेको छ । तीन वटा सम्म गाईबस्तु पाल्न सकिने भकारो सुधार गर्न १० देखि १२ हजार रूपैयाँसम्म लगानी भएको कृषकहरूले बताएका छन् ।

बिदेशीएका श्रीमानलाई तरकारीले घरमै फर्कायो

■ नवविकल्प

पर्वतको धाइरिङ-४ सल्यानकी लक्ष्मी पौडेलले विगत ११ वर्षदेखि ब्यवसायिक तरकारी खेती गर्छिन्, उनका श्रीमान गिरिधारी पौडेल वितेका ५ वर्षसम्म कतारमा रहेर निकै कठिन काम गरे । सात समुन्द्र पारी बस्दा पनि उनले सोचेअनुरूप पैसा कमाउन भने सकेनन् ।

उता श्रीमानले पाँच वर्षसम्म बस्दा चार लाख रूपैयाँ मुस्किलले कमाए भने यता श्रीमतीले भने चार वर्षमै घरको दैनिकी चलाएर समेत करिव बीस लाख रूपैयाँको टुङ्गो लगाइन् । लामो समयसम्म बिदेशमा श्रीमान रहंदाको एक्लो अनुभुति र उता श्रीमानको आम्दानीभन्दा घरमा आफैंले आर्जन गरेको चार गुणा बढी आम्दानीको टुङ्गो भएपछि लक्ष्मीले दुइवर्ष अगाडी श्रीमानलाई घरमै बोलाईन् ।

अहिले दुबै श्रीमानश्रीमती घरमै बसेर तरकारी खेतीमा रमाएका छन् । 'अहिले सबै खर्च कटाएर हरेक सिजनमा तीन लाखसम्मको तरकारी विक्रि हुन्छ ।' लक्ष्मीले भनिन्,'उहाँ बिदेश नगएको भए हामीले अहिलेसम्म के के गर्ने थियौं, त्यो कुरा भनिरहनुपर्ने छैन ।' धाइरिङको सल्यानमा रहेका करिव ८० परिवारकी उदाहरणकी पात्र मात्रै हुन् लक्ष्मी । उनीजस्ता असंख्य महिलाहरूले आफ्ना बिदेशीएका श्रीमानलाई घरकै माटो चुम्न र यहि माटोबाट हिरा उमार्ने दृढ विस्वासका साथ घरमै डाकेका छन् ।

'उताको गरम मौषममा तातो हावा खाँदै कमाएका लाख भन्दा घरकै हजार ठुलो सम्झिएर गाउँ फर्किएको हुँ ।' गिरीधारीले भने,' उता चर्को गर्मी र तातो हावा खाएर कमाएको चार लाखले यहाँ फर्किंदा केहि भएन तर, श्रीमतीसंगै अहिलेसम्म संगै बसेर तरकारी खेती गरेको भए अहिलेसम्म करोड आम्दानी हुने थियो ।' पौडेलले सल्यानको फाँटमा जग्गा भाडामा लिएर तरकारी खेती गर्दै आएका छन् । पौडेलले यस वर्ष मात्र गोलभेडा विक्री गरेर दुइलाख भन्दा वढी आम्दानी गर्नुभयो ।

लक्ष्मीले जस्तै आफ्ना बिदेश रहेका श्रीमानलाई स्थानीय प्रमिला सुबेदीले पनि घरमै फर्काइन् । तीन वर्षसम्म दुबै रहेका आफ्ना श्रीमान बुद्धीप्रसाद सुबेदीलाई पनि आफूले आम्दानी गरेको तरकारी खेतीको पैसाले नै फर्काएको प्रमिला बताउछिन् । 'मैले तीन वर्षमा कमाएको पैसा त यहाँ उनले एकै वर्षमा कमाइन् ।' बुद्धीप्रसाद सुबेदीले भने, 'अनि म उहाँ बस्नुको के सार भयो भनेर फर्किएको हुँ ।' अहिले बुद्धीप्रसाद र प्रमिलाले पनि संगसंगै तरकारी खेती गर्दै आइरहेका छन् ।

यस्तै केही महिना गाउँ फर्किएका योग्रेन्द्र पौडेल पनि अव विदेश नजाने मोडमा छन् । जग्गा भाडामा लिएर सल्यानको फाँटमा ब्यवसायिक तरकारी खेती गरेका पौडेले यो सिजनमा गोलभेडा, काक्रोको विउ र ताजा तरकारी विक्री गरेर ३ लाख रूपियाँ आम्दानी गर्नुभयो । कतारमा पाउनु दुःख पाइयो पौडले भन्नुभयो, ' अव विदेश नजाने कसम खाएको छु ।'

धाइरिङमा तीन सिजन तरकारी खेती हुन्छ । एक सिजनमा निकै थोरै आम्दानी गर्ने परिवारले पनि पचास हजार रूपैयासम्म आम्दानी गर्ने गरेको पर्वतमै सफल किसान मानिएका एकनारायण पौडेल बताउँछन् । उहाँले १८ वर्ष अगाडी विदेशी भूमि त्यागेर गाउँमै ब्यवसायिक तरकारी खेती गर्दै आउनुभएको छ ।

पर्वतको धाइरिङ गाविस-४, सल्यान गाउँका करिब ८० परिवार किसान विगत १५ वर्षदेखि ब्यावसायिक तरकारी खेतीमा लागेका छन् । तरकारी खेतीबाट उनीहरूले राम्रो आयआर्जन गर्न थालेपछि विदेशबाट फर्कने युवासमेत तरकारी खेतीतर्फ आकर्षित हुन थालेका हुन् । पर्वतको धाइरिङ गाविसबाट मात्रै वर्षेनी चार करोड रूपैयाँ बराबरको ताजा तरकारी उत्पादन हुन थालेको छ ।

तरकारी खेतीबाट राम्रो आम्दानी हुन थालेपछि धाइरिङका युवाहरू विदेश नजाने निदोमा पुगेको युवा कृषक टेकनारायण आचार्य बताउँनुहुन्छ । आचार्य पाँच वर्ष अगाडी विदेशबाट फर्किएर ब्यवसयिक तरकारी खेति गर्नुभएको छ ।

त्यस्तै सल्यानकै गोपालप्रसाद आचार्य पनि विदेशी भूमि त्यागेर गाउँमा सफल किसान बन्नुभएको छ । उहाँले यस वर्ष गोलभेडाको विउ विक्री गरेर तिनलाख रूपियाँ आम्दानी गर्न सफल हुनुभएको छ । श्रीमान श्रमती मिलेर गाउँमा ब्यवसायिक तरकारी खेती गर्नुभएको छ ।

बुद्धिप्रसाद, गिरीधारी,टेकनारायण जस्ता खाडी मुलुक गएका धेरै यूवा गाउँमै खेतीकिसानी गर्ने भन्दै वैदेशिक रोजगारीबाट फर्किन थालेका छन् । गाउँमै तरकारी खेती गरेर मनग्य आम्दानी हुन थालेपछि यहाँका युवामा विदेशमोह घट्दै गएको छ ।

करिब ८० परिवार रहेको यस गाउँका सबै किसानको प्रमुख पेशा अहिले तरकारी खेती बनेको छ । उत्पादित तरकारी विक्रीको कुनै समस्या छैन । नजिकै रहेको बेनी बजारमा खपत हुने स्थानीयहरू बताउँछन् । विदेश गएर मासिक बीस हजार रूपैयाँ आम्दानी गर्नेदेखि विभिन्न पेशा ब्यवसाय गर्नेहरू पनि गाउँको तरकारी खेतीप्रतिको मोहका कारण फर्किएर खेतीकिसानीमै रमाउन थालेका छन् ।

करिब पाँच हजार सवारी साधनलाई कारबाही

■ नवविकल्प

म्याग्दीमा गएको आर्थिक वर्ष २०७२र७३ मा ट्राफिक नियम उल्लङघन गर्ने करिब पाँच हजार सवारी साधन कारबाहीमा परेका छन् । जिल्ला ट्राफिक प्रहरी कार्यालयले नियम उल्लङ्घन गर्ने सवारी धनी एवं चालकलाई कारबाही गरेर गत आर्थिक वर्षमा १८ लाख ५१ हजार चार सय रूपैयाँ राजस्व संकलन गरेको जनाएको छ ।

एक हजार ३२२ मोटरसाईकल, ७८२ ट्याक्टर, एक हजार १३८ जिप कार, ८४४ बस र ७५२ ट्रक कारबाहीमा परेका जिल्ला ट्राफिक प्रहरी कार्यालयका हवल्दार ललीतबहादुर थापाले जानकारी दिनुभयो ।

सवारी चालक अनुमतीपत्र, बिलबुक नभएको, नविकरण नगरेको, क्षमत्ता भन्दा बढी यात्रु बोकेको, रूट परमिट नलिएको लगायत नियम उल्लङ्घन गर्ने सवारी धनी तथा चालक कारबाहीमा परेका हुन् ।

दुर्घटना न्युनीकरण र ट्राफिक नियम कार्यान्वयनका लागि प्रहरीले सदरमुकाम बेनीका साथै बेनी-दरवाङ सडकको सिंगा तातोपानी, बेनी-जोमसोम सडकको भुरूङ तातोपानीमा नियमित चेकजाँच गर्दै आएको छ । दैनिकजसो छड्के सवारी चेकजाँच पनि गर्दै आएको ट्राफिक प्रहरीले सवारी चालक र विद्यार्थीहरूलाई प्रशिक्षण दिएको छ ।

म्याग्दीमा पछिल्लो समय सडक विस्तार, सुबिधाभोगी जिवनशैलीले सवारी साधन भित्र्ने क्रम बढेको तथा धौलागिरी अञ्चल यातायात ब्यवस्था कार्यालयले दुई वर्षदेखि सवारी चालक अनुमतीपत्र वितरण नगरेकाले ट्राफिक नियम उल्लङ्घन गरेवापत संकलन हुने राजस्व बढेको छ ।

आर्थिक वर्ष २०७१/७२ मा तिन हजार ८९२ वटा सवारी साधनलाई कारबाही गरेर १३ लाख दुई हजार तिन सय रूपैयाँ राजस्व संकलन भएको थियो । आर्थिक वर्ष २०७०/७१ तिन हजार ६९० र ०६९र/०७० मा दुई हजार ८५६ सवारी साधनलाई कारबाही वापत क्रमश नौ लाख १८ हजार दुई सय र पाँच लाख ८७ हजार २७५ रूपैयाँ राजस्व जम्मा भएको थियो ।

ट्राफिक प्रहरीका अनुसार गत वर्ष म्याग्दीमा भएको १० वटा सवारी दुर्घटनामा ११ जनाको ज्यान गएको छ । ३५ जना सख्त र १० जना सामान्य घाइते भएका छन् । अघिल्लो वर्षको तुलनामा गत वर्ष सवारी दुर्घटना घटेको छ । भौगोलिक रूपमा बिकट, तिव्र रूपमा सडक विस्तार र सवारी साधन थपिदै गएको म्याग्दीमा ट्राफिक नियम कार्यान्वयनका लागि जनशक्तीको भने अभाव देखिएको छ ।

नौ जनाको दरबन्दि रहेको जिल्ला ट्राफिक प्रहरी कार्यालयमा हाल छ जना मात्र कार्यरत छन् । जनशक्ती थप गरेर सदरमुकाम बाहीरका ग्रामिण सडकमा पनि परिचालन गर्न पहल गरिरहेको जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख प्रहरी नायव निरिक्षक रामचन्द्र क्षेत्रीले बताउनुभयो ।

साविकको मेट्रो डेभलपमेन्ट बैंक
कैलाश विकास बैंक लि मा गाभिएको तथा
कारोवार क्षेत्र बृद्धि भएको सम्बन्धी जानकारी

उपरोक्त सम्बन्धमा साविकको मेट्रो डेभलपमेन्ट बैंक लिमिटेड मिति २०७३/२/१७ गतेदेखि नेपाल एक्सप्रेस फाइनान्स लिमिटेड सहित कैलाश विकास बैंक लिमिटेडमा गाभिएको हुदा सोहि मिति देखि साविकका मेट्रो डेभलपमेन्ट बैंक लिमिटेड सम्बद्ध सबै कार्यहरु **कैलाश विकास बैंक लिमिटेडको** नामबाट भइरहेको ब्यहोरा जानकारी गराउदछौं साथै साविक मेट्रो डेभलपमेन्ट बैंकका सम्पुर्ण शेयरधनि, ग्राहकमहानुभाव, शुभचिन्तक हरुले कैलाश विकास बैंकको नामबाटे अब नेपालभरी बाट नै उत्कृष्ठ र सरल बैंङ्कीङ सेवा लिनसक्ने सुविधा थप भएको जानकारी गराउदछौ ।

हाल थप भएका सेवाहरु:

- SMS Banking, Mobile Banking, Internet Banking लगायतका बैकका अत्याधुनीक सेवा थप भएकोले बैंकमा सम्पर्क गरि सेवा अपडेट गरि लिनुहुन अनुरोध गर्दछौ ।
- हाल कैलाश विकास बैंकका देशभर रहेको शाखा कुल ३८ वटा शाखाबाट बचत रकम राख्ने तथा झिक्ने सुविधा लगायत अन्य सबै कारोवार गर्न सक्नुहुने जानकारी गराउदछौ ।
- साविकमा सिमित कार्यक्षेत्र रहेकोले मेट्रो डेभलपमेन्ट बैंकबाट छिमेकि जिल्ला पर्वत तथा बागलुङ लगायत देशभर कर्जा सेवा दिन नपाइएको अवस्थामा हाल राष्ट्रिय स्तरको बैंक भएकोले सम्पुर्ण जिल्लाका बासिन्दाले बैंकमा बचत तथा कर्जा कारोवार गर्न मिल्ने ब्यवस्था भएकोले कारोवार गर्न आउनुहुन आग्रह गर्दछौ ।
- विशेष गरि देशका प्रमुख ब्यापारीक क्षेत्र जस्तै नारायणगढ चितवन, बुटवल, पाल्पा, स्याङ्जा, काठमाडौ, पोखरा लगायत सबै ठाउँमा मुख्य ब्यापारीक चोकहरुमा शाखा रहेकोले सम्पुर्ण ब्यवसायी महानुभावलाई कारोवार गरि उत्कृष्ठ सेवा लिई यस अवसरलाई उपयोग गरि अधिकतम फाईदा लिनुहुन आग्रह गर्दछौ ।
- सिमित कार्यक्षेत्र हुदा पनि उत्कृष्ठ सेवा प्रवाह गर्दै आएको साविकको मेट्रो डेभलपमेन्ट बैंक लि. अब राष्ट्रिय स्तरको ठुलो संजाल भएको सबल बैंक भएकोले अब सेवा झनै उत्कृष्ठ सरल र छिटो हुने हुदा सेवा लिइरहनुभएका सम्पुर्ण ग्राहकले अझै लाभ उठाउनहुन र सेवा लिन छुटनुभएका अन्य महानुभावहरु आजै कैलाश विकास बैंकमा गई बचत,मुद्दती खाता खोलि तथा कर्जा र रेमिटेन्स सेवा लिई कैलाश विकास बैंकलाई सहयात्री बनाई सरल बैंकिङ्ग कारोवारको चाहना पुरा गर्न अनुरोध गर्दछौ ।
- थप जानकारी तथा सेवाका लागि साविकको मेट्रो डेभलपमेन्ट बैंक लि. तथा हाल कैलाश विकास बैंक लि. बेनी शाखामा सम्पर्क राख्नुहुन जानकारी गराउदछौ । सम्पर्क फोन नं. ०६९ ५२१०४८ फ्याक्स नं. ०६९ ५२१०४९

कैलाश विकास बैंक लि.
KAILASH BIKAS BANK LTD.
म्याग्दी शाखा, बेनीबजार, म्याग्दी

कृषि कर्जा.....

गर्दा कृषकले सहुलियत ब्याजदरको ऋण पाउन सकेका छैनन् ।'

बैङ्कहरूले कुल लगानीको १२ प्रतिशत कृषि क्षेत्रमा लगानी गर्नुपर्ने नीति बनाएको सरकारले सहुलियत ब्याजदरमा कृषि कर्जा उपलब्ध गराउनका लागि अनुदानको ब्यवस्था गरेको छ । सरकारले तिन प्रतिशत ब्याज तिर्न अनुदान उपलब्ध गराउने र ६ प्रतिशत कर्जा लिने कृषक आफैले तिर्नुपर्ने ब्यवस्था छ । चालु आव देखि सरकारले दिने ब्याज अनुदानमा वृद्धि गरि चार प्रतिशत पुऱ्याएको छ । यो वर्ष कृषकले पाँच प्रतिशत ब्याजदरमा कृषि कर्जा पाउँछन् ।

सहुलियत ब्याजदरमा एक जना कृषकले एक करोड रूपैयाँ सम्म कर्जा लिन सक्छन् । तर अधिकांश कृषकहरू सहुलियत ब्याजदरमा पाइने कृषि कर्जाको बारेमा अनभिज्ञ छन् । बेनपा ८ मा भैसीपालन गरेर दूध बेच्दै आएका कृषक दुर्गाप्रसाद पौडेलले बैङ्कबाट सहुलियत ब्याजदरमा ऋण पाउने सुबिधाको बारेमा जानकारी नभएको बताउनुभयो ।

ब्यवसाय दर्ता नहुने, उमेरको हदबन्दी, धितोयोग्य जग्गाको अभाव लगायतका कारणले कृषकलाई सहुलियत ब्याजदरको कर्जा पाउन समस्या परेको छ । धितोका लागि सडकले छोएको घरजग्गालाई प्राथमिकता दिइनुले कृषकलाई समस्या भएको हो । बैङ्कका कर्मचारीहरू भने सहुलियत ब्याजदरको कर्जा लिन कृषकनै नआएको बताउँछन् ।

कृषि विकास बैङ्कको बेनी शाखाका प्रबन्धक धनेन्द्र अधिकारीले कृषक सुबिधा खोज्न नआएपछि सहुलियत ब्याजदरमा प्रवाह गर्नका लागि प्राप्त बजेट फिर्ता भएको बताउनुभयो । शाखामा गत आर्थिक वर्षमा ६ प्रतिशत ब्याजदरमा लगानी गर्न ४० लाख रूपैयाँ बजेट आएको थियो ।

'सहुलियत ब्याजदरको कर्जा लिन जम्मा एक जना कृषक आउनुभएको थियो । उहाँले ब्यवसाय दर्ता लगायतका कागजात पेश गर्न सक्नुभएन' शाखा प्रबन्धक अधिकारीले भन्नुभयो 'अरू कोही पनि नआएपछि प्राप्त बजेट फिर्ता भयो ।' कृषकहरूलाई जानकारी नभएकाले बजेट भएपनि कर्जा लगानी हुन नसकेको अधिकारीले बताउनुभयो ।

सहुलियत ब्याजदरको कृषि कर्जा पाउन ४५ वर्षसम्म उमेर भएका, ब्यवसाय दर्ता भएको, ब्यवसायिक योजना बनाएको हुनुपर्ने लगायतका ब्यवस्था रहेको छ । गत आर्थिक वर्षमा सहुलियत ब्याजदरमा लगानी गर्न राष्ट्रिय वाणिज्य बैंकको बेनी शाखामा प्राप्त एक करोड रूपैयाँ बजेट पनि परिचालन हुन सकेन् ।

८.५ प्रतिशत ब्याजदरको नियमित योजनाको कर्जा प्रवाह भैरहेपनि सहुलियत ब्याजदरको कर्जा प्रती कृषकलेनै चासो नदिएको राष्ट्रिय वाणिज्य बैङ्कका शाखा प्रबन्धक ध्रुबराज पनेरूले बताउनुभयो । बैंक कर्मचारी ऋणिले कृषि कर्जा लिएर गैरकृषि र अनुत्पादक क्षेत्रमा लगानी गर्ने, नियमित ब्याज र किस्ता नबुझाउने जस्ता समस्याले जोखिम मोल्न डराउने गरेका छन् ।

बेनीमा विभिन्न बैंकका १५ वटा शाखाले वित्तिय सेवा दिइरहेका छन् । यसैगरी दरवाङ, बाबियाचौर र भुरूङ तातोपानीमा पनि बैङ्कको शाखा छन् । साहास र आँट भएका कृषकहरूसंग धितो राख्न सडकले छोएको घडेरीयोग्य जग्गा र सहरी क्षेत्रमा घर नहुँदा बैंकले विश्वास नगरेको बास्कुनाका कृषक तिलक गुरूङ बताउनुहुन्छ । झन्झटिलो कागजी प्रक्रियाका कारण कृषि कर्जाको योजना कृषक र बैंकका लागि 'जोगी देखि भैसी डरायो, भैसी देखि जोगी डरायो' भनेजस्तै बनेको गुरूङले बताउनुभयो ।

बैंक तथा वित्तिय संस्थाहरूले कर्जा प्रवाहका क्रममा सहरी क्षेत्र एवं सडक वरपरका घरजग्गा भन्दा पनि योजना र आयस्तरलाई प्राथमिकता दिनुपर्ने सिंगाका दुग्ध उत्पादक कृषक रमेश केसीको भनाई छ । बैंक कर्मचारीहरूले भुगोल र सुबिधाका आधारमा विभेद नगरी योजना तथा वास्तवीकता बुझेर लगानी गर्न सकेमा कृषि कर्जा परिचालनमा सहज हुने कृषक केसीको भनाई छ । कृषक र बैंकबीचको अविश्वासको वातावरण हटाउन र दुरी घटाउन पनि उत्तिकै आवश्यक छ ।

कृषि कर्जाको बारेमा कृषक स्तरमा प्रचारप्रसार र बैङ्कलाई लगानी गर्न सहजिकरण गरिएको जिल्ला कृषि विकास कार्यालयका बरिष्ठ कृषि विकास अधिकृत श्यामप्रसाद रिजालले बताउनुभयो । 'बैङ्कहरूले कृषि कर्जाको सिद्धान्त, उद्देश्य र प्रक्रियाको बारमो कृषकलाई स्पष्ट पार्न नसकेको पाइयो' अधिकृत रिजालले भन्नुभयो 'कृषकले सहज र बिना झञ्जट कर्जा सुबिधा पाउनुपर्छ । लगानी गर्न नसक्ने हो भने नितीगत ब्यवस्था सुधार गर्न माथिल्लो तहमा छलफल गर्नुपर्छ ।'

लगानीको पर्खाईमा रहेका कृषकहरूलाई कृषि कर्जा सहज रूपमा प्रवाह गराउन सकेमा धेरै प्रोत्साहन मिल्ने बरिष्ठ कृषि विकास अधिकृत रिजालको भनाई छ । कृषकले ब्यवसायमा लगानीसंगै उत्पादन पनि बढ्ने सम्भावना हुन्छ । ब्यवसाय विस्तारका लागि कृषकलाई पुँजी लगानीको टड्कारो आवश्यकता देखिएको छ ।

वर्षासँगै .....

लुलाङ र मुनामा रहेका दुई वटा लघुजलविघुत परियोजना बन्द हुँदा करिब एक हजार घरधुरी समस्यामा परेका छन् । बाढी, पहिरो र कटानका कारण हुन सक्ने सम्भावीत क्षत्ती न्युनीकरणका लागि सुरक्षा निकायले उच्च सर्तकता अपनाएका छन् ।

भकिम्ली ८ तोराखेतको पहिरोका कारण बेनी नगरपालिका ४ बगरफाँटको जरूवाटोलका बासिन्दा त्रसीत भएका छन् । म्याग्दी नदीको किनारमा रहेको बस्ती माथिको अक्करे भिरबाट खस्ने पहिरोको त्रासले जरूवा टोलका बासिन्दा आफन्तकहाँ गएर रात कटाउने गरेका छन् ।

गत बुधबारदेखि तोराखेतबाट बगरफाँटमा खस्ने छहराबाट ढुङ्गा, माटो, काठ सहितको लेदो आएर खोल्सामा गहिरो गल्छी बनाएको जरूवाटोलका बासिन्दा चन्द्रबहादुर घिमीरेले बताउनुभयो । जरूवाका २५ घरधुरी पहिरो र कटानको त्रासका कारण रातको समयमा नजिकैको गाउँमा गएर सुत्ने गरेका हुन् ।

जुनसुकै बेला पहिरो खस्ने जोखिम रहेकाले सुरक्षीत ठाउँमा रहेको आफन्तको घरमा गएर सुत्ने गरेको स्थानीय बासिन्दा प्रकाश घिमीरेले बताउनुभयो । पहिरोको जोखिममा रहेका डिलकुमारी घिमीरे, तोपबहादुर कार्की, शिव कार्की, कृष्णप्रसाद शर्मा र मिनबहादुर घिमीरेको परिवारले घर छोडेका छन् ।

तोराखेतबाट खसेको पहिरोले बगरफाँटमा रहेको बेनी–बरंजा सडकमा गल्छी बनाएपछि बेनी देखि भकिम्ली, सुर्केमेला, बरंजा रूटमा चल्ने यातायात सेवा अवरूद्ध भएको छ । सदरमुकाम बेनी बजार र बगरफाँटमा खानेपानी ल्याउने पाईप बगाएको छ । ब्यक्तिगत धार, सिचाई पाईप र नहर पनि पहिरोले बगाएको छ ।

बस्तीको चारै तिर पहिरोले घेरेपछि भकिम्ली ८ तोराखेतका बासिन्दाले यसअघिकै वर्षहरूमा गाउँ छोडेका थिए । घरखेत पहिरो संगै बग्न थालेपछि तोराखेतका १७ घरधुरी बिस्थापित भएका जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

प्रहरी निरिक्षक कृष्णकान्त अधिकारीको नेतृत्वमा साउन ५ गते घटनास्थल पुगेको प्रहरी टोलीले तोराखेतमा कसैको पनि बसोबास नरहेकाले त्यहाँ पहिरोले मानिवय तथा भौतिक क्षत्ती नगर्ने जनाएको छ ।

पहरा माथि रहेको तोराखेतमा पहिरो नियन्त्रणको प्रयास सफल नभएपछि पुस्तौदेखि बस्दै आएको घर, कजाउदै आएको खेतबारी छोडेर विस्थापित भएका हुन् । अन्दाजी १.५ किलोमिटर लम्बाई र सात सय मिटर चौडाईको जमिनलाई पहिरोले क्षत्ती गरेको छ ।

तोराखेतको जमिन धाँजा फाटेर चिरारचिरा परेको छ । खेतबारी उपभोग गर्न सक्ने अवस्थामा छैन् । गाउँ रित्तीएको छ । खेतबारी बाँझै छ । खेतीयोग्य जमिन झाडीमा परिणत भएको छ । पहिरोले खेदेपछि तोराखेतका बासिन्दाले भकिम्ली, बेनी नगरपालीका ३ को भकुण्डेचौर र तमानेमा जग्गा किनेर बसेका छन् । जग्गा किन्न नसक्नेहरूले सरकारी जग्गामा टहरो बनाएर बसेका छन् ।

उनिहरूलाई रेडक्रस र प्रशासनले राहत सामाग्री सहयोग गरेका थिए । तोराखेतमा अधिकांश दलित समुदायको बसोबास थियो । पहाडमाथि रहेको भिरालो जमिनमा बग्ने भुमिगत पानीका कारण तोराखेतमा पहिरो गएको हो ।

जिल्ला भुसंरक्षण कार्यालय र नेपाल रेडक्रस सोसाईटी लगायतका निकायले पहिरो नियन्त्रणका लागि लाखौ खर्च गरेर ग्यावीयन पर्खाल लगाएपनि सफल हुन सकेन् । तोराखेतमा भासीएको सबै जमिन एकै पटक खस्ने सम्भावना नरहेकाले बगरफाँट र बेनीका बासिन्दालाई आतंकित नहुन प्रहरीले अनुरोध गरेको छ ।

यसैगरी म्याग्दीको पश्चिमी क्षेत्रमा पर्ने लुलाङ र मुनामा शनिबार गएको पहिरोले दुई वटा गोठ बगाउनुका साथै दुई लघुजलविघुत परियोजना बन्द भएका छन् । पहिरोले विघुतगृहमा क्षत्ती गरेपछि मुना ४ मा रहेको ६० किलोवाट क्षमत्ताको प्रथम दरखोला र लुलाङको लमसुङ स्थित ३५ किलोवाट क्षमत्ताको दोस्रो दरखोला लघुजलविघुत परियोजना बन्द भएको हो ।

लुलाङ गाविसका तिन सय र मुना गाविसका करिब आठ सय घरधुरी विघुत सुविधाबाट बञ्चित भएका छन् । विघुतगृह भवन भत्कने अवस्थामा रहेका छन् । टर्वाईन, जेनेरेटर लगाएका सामाग्रीहरूमा क्षत्ती पुगेकाले विघुत उत्पादन बन्द भएको प्रथम दरखोला लघुजलविघुत परियोजनाका अध्यक्ष डम्मरबहादुर भण्डारीले बताउनुभयो ।

यसैगरी लुलाङ गाविस ६ मा पर्ने जुकेपानीको भिरबाट खसेको पहिरोले दुई वटा गोठ बगाएको छ भने दोस्रो दरखोला लघुजलविघुत परियोजनाको विघुतगृह र नहरमा क्षत्ती पुगेको छ । शनिबार बिहान सात बजेदेखि खस्न थालेको पहिरो नरोकीएका लुलाङका दलबहादुर बिकले बताउनुभयो ।

कृष्णबहादुर श्रीपाली र गोरे बिकको घर पहिरोको जोखिममा परेपछि सुरक्षित ठाउँमा सरेका छन् । झकबहादुर बिकको गोठ र धन्सार पहिरोले बगाएको छ । लमसुङ गाउँको सिरानबाट खसेको पहिरोले लमसुङ मावि, स्वास्थ्य चौकी, पशु सेवा केन्द्रको कार्यालय रहेका सार्वजनीक भवनका साथै ब्यक्तिका घरहरू जोखिममा परेका छन् ।

पहिरोले मुना हुदै लुलाङ, गुर्जा र ढोरपाटन शिकार आक्षर जाने घोरेटो बाटो पूर्ण रूपमा बगाएको छ । घोरेटो बाटो पहिराले पुरेपछि आवत जावत बन्द भएको छ । जिल्ला प्रहरी कार्यालयले ताकम प्रहरी चौकीबाट प्रहरी टोली घटनास्थलतर्फ गएको जनाएको छ ।

घटनास्थल पुगेको प्रहरी टोली जोखिममा रहेका बासिन्दालाई सुरक्षित स्थानमा सार्न सघाउने र क्षत्तीको विवरण संकलन गर्ने प्रहरी नायव उपरिक्षक विश्वराज खड्काले बताउनुभयो । लुलाङ जिल्ला सदरमुकाम बेनीदेखि करिब ५० किलोमिटर पश्चिमतर्फ पर्छ । मुनाको दर र ओखरबोटको जुगेपानीमा यसअघिका बर्षमा देखिएको पहिरोको समस्या यसपाली पनि दोहोरीएको छ । अहिलेसम्म कुनै क्षत्ती नगरेपनि पहिरो खस्न थालेकाले सर्तकता अपनाइएको दरका बासिन्दा बमबहादुर पाईजाले बताउनुभयो ।

यसैगरी बाबियाचौर ५ लाम्पाटामा पहिरो खसेपछि बेनी दरवाङ सडकमा ठूला सवारी साधन सिधा आवात जावत बन्द भएको छ । बर्षाले गल्कीएको माटो पन्छाउँदा थप पहिरो खस्ने जोखिम रहेकाले तत्काल सडक मर्मत हुने सम्भावना कम रहेको यातायात ब्यवसायी कमल केसीले बताउनुभयो । दानाको काभ्रेभिर क्षेत्रमा खसेको पहिरोका कारण बेनी–जोमसोम सडकमा पनि सिधा सवारी सञ्चालन हुन सकेको छैन् । सिधा सवारी सञ्चालन हुन नसकेको बाहनामा यातायात ब्यवसायीले यात्रुबाट तोकीएको भन्दा बढी भाडा लिएको गुनासो आउन थालेको छ ।

साबुन पानीले हातधोऔं
किन, कसरी र केका लागी
कीटाणुको जमघट
हात धुने ६ तरिका
१
२
३
४
५
६
स्वस्थ रहने सबैभन्दा सजिलो र प्रभावकारी उपाय नै हात धुनु हो

उद्यम गरौ, उद्यमशिल संस्कारको विकास गरौ ।
स्थानीय उद्यमीले उत्पादन गरेका सामाग्रीको प्रयोग र प्रर्वद्धन गरौ ।।
मुदीमै झोला, स्वीटर, अगरबत्ती र च्याउ
मुदीका उद्यमीहरुले उत्पादन गरेका झोला र स्वीटर तथा खिवाङका उद्यमीले उत्पादन गरेको अगरबत्तीको प्रयोग र केन्य च्याउको उपभोग गरौ ।
झोलाका लागि: सगरमाथा लघुउद्यमी समूह, मुदी
स्वीटरका लागि : धौलागिरी लघुउद्यमी समूह, मुदी
सिर्जनशिल कन्यच्याउ लघुउद्यमी समूह खिवाङ
अगरबत्तीका लागि : प्रगतिशिल लघुउद्यमी समूह खिवाङ

सगुन स्टेशनरी स्टोर्स
विभिन्न पाठ्यपुस्तक, स्टेशनरी सामग्री, खेलकुद एवम् पत्रपत्रिका
धार्मिक तथा साँस्कृतिक सामानहरूको थोक तथा फुटकर विक्रेता
क्याम्पस चोक बेनीबजार, म्याग्दी, फोन नं. : ०६९५२००३५, मो. नं ९८४७६२४३४४

शान्ति सन्देश
स्थायी शान्तिका लागि आ–आफ्नो क्षेत्रबाट सहकार्य र सद्भावको वृद्धि गरौं ।
शान्ति र समृद्धिका लागि
स्थानीय शान्ति समिति, म्याग्दी

साउने सोमबारको क्रेज

■ नवविकल्प


तस्वीर : कृष्णराज पौडेल/म्याग्दी

म्याग्दीको बेनी नगरपालिका ८ स्थित गलेश्वर शिवालय मन्दिरमा भक्तजनहरूको चहलपहल बढेको छ । साउन महिनाको सुरूवातसंगै गलेश्वर दर्शन र पुजाआजाका लागि आउने भक्तजनको चहलपहल बढेको हो । कालीगण्डकी नदी किनारको नौ रोपनी क्षेत्रफलमा फैलीएको चट्टानमाथि अवस्थित गलेश्वर शिवभक्तहरूका लागि आस्थाको केन्द्रको रूपमा विकसीत हुँदै गएको छ ।

साउन महिनाको अवसर पारेर गलेश्वरको दर्शन र पुजाआजाका लागि म्याग्दीका ग्रामिण क्षेत्रसंगै पर्वत, बागलुङ, कास्की, चितवन, काठमाडौं लगायतका ठाउँबाट भक्तजनहरू आउने क्रम बढेको गलेश्वर शिवालय क्षेत्र विकास कोषका सदस्य सचिव माधवप्रसाद रेग्मीले बताउनुभयो । उहाँका अनुसार कालीगण्डकीमा स्नान, १०८ शिवलिङ्गमा जलअर्पण र गलेश्वर मन्दिरमा पुजाआजाका साथै प्राकृतीक सौन्दर्यतामा रमाउन भक्तजन आउँछन् । साउन ३ गतेको पहिलो सोमबारका दिन करिब दश हजार भक्तजनले गलेश्वरको दर्शन गरेका छन् । पहिलो सोमबार मात्रै एक लाख ८५ हजार ३२२ रूपैयाँ भेटि संकलन भएको कोषका कोषाध्यक्ष बमबहादुर पुनले जानकारी दिनुभयो । यस वर्ष साउनमा पाँच वटा सोमबार परेको छ । सत्ययुगमा सतिदेवीको गला पतन भएको स्थान मानिने गलेश्वरमा दर्शन र पुजाआजा गरेमा मनोकाक्षा पुरा हुने जनविश्वास छ । साउन महिनाको सोमबार, बालाचर्तुदर्शी र शिवरात्रीका दिन बिशेष मेला लाग्ने गलेश्वर धौलागिरीको प्रमुख शिवालय मानिन्छ ।

हिन्दू धर्ममा साउने सोमबारले विशेष महत्व र अर्थ राख्छ । यस दिन सात्विक भोजन गरिन्छ वा उपवास बसिन्छ । शिवलिङगमा जलअर्पण गरी आरधना गरिन्छ । साउन शिवको प्रिय महिना मानिन्छ । साउन महिनामा शिवालयको दर्शन र पुजाआजा गरेमा पारिवारीक सुख, राम्रो पति पाइने, श्रीमानको स्वास्थ्य राम्रो हुने जस्ता धार्मीक मान्यता रहेको पण्डीत भिमनाथ पराजुलीले बताउनुभयो ।

गलेश्वरमा दर्शन र पुजाआजाका लागि बिवाहीत महिला तथा अबिवाहीत युवतीहरूको भिड लाग्ने गर्छ । बिवाहीतले आफ्नो पतिको दिर्घायु, स्वास्थ्य र पारिवारिक सुखको कामना गर्दै पुजाआजा गर्छन् । मन्दिरमा पुजा गर्न आएका अबिवाहीत युवतीहरूले भविश्यमा राम्रो श्रीमान पाइयोस भन्ने कामना गरेको बताउँछन् ।

साउन महिनाको सोमबार ब्रत बस्ने र शिवालयमा पुजा गर्ने धार्मीक मान्यतालाई नयाँ पुस्ताका युवतीहरूले पनि उत्तिकै महत्व दिएको बेनीको न्यु वेष्ट प्वाईन्ट कलेजमा अध्ययनरत सदिक्षा खड्काले बताउनुभयो । युवातीहरू धार्मीक संस्कारको संरक्षण, मनोकाक्षा पुरा हुने विश्वास र घुमघामका लागि मन्दिर जाने गरेको खड्काको भनाई छ ।

मन्दिर जाँदा धार्मीक आस्थाप्रतीको विश्वास बढ्नुका साथै प्राकृतिक सौन्दर्यता, मनोरम वातावरणमा रमाउन पाइने उनिहरू बताउँछन् । धेरैजसो युवतीहरू मन्दिर परिसरमा तस्विर खिचेर सामाजिक सञ्जाल फेसबुक राख्ने रूची देखाउँछन् । पुरूष र युवाहरू पनि शिवालयको दर्शन र पुजाआजाका लागि मन्दिर पुग्छन् ।

साउनमा रातो रंगको पहिरनमा सजिएर शिवालयमा पुजाआजाका साथै हातमा मेहेन्दी, रातो र हरिया चुरा लगाउने पनि चलह रहेको छ । साउनको सुरूवातसंगै सौन्दर्यकता ब्यवसायीलाई हातमा मेहेन्दी लगाईदिन भ्याईनभ्याई छ । शृङगार पसलहरूमा हरिया चुरा किन्नेहरूको बाक्लो उपस्थिती हुने गर्छ ।

हिन्दू धर्मशास्त्रहरूमा साउने सोमबारमा गरिने पुजा, हातमा हरियो चुरा लगाउनुका कारणलाई यौनीकतासंग जोडेर ब्याख्या गरिएको छ । यतीबेला ग्रहहरूको प्रभावले मानिसमा कमोउत्तेजना बढ्छ । कमोउत्तेजनालाई नियन्त्रण गर्न चुराको भूमिका रहन्छ । चुरा बज्ने, फुट्ने कारणले यौन संसर्गमा नियन्त्रण गर्छ । शिवलिङ पनि यौन र सृष्टिको प्रतिकात्मक रूप हो । त्यसमा जल अर्पण गर्नुको अर्थ यौनिकतासंग जोडिएको हो ।

साउन महिनामा शिवभक्तहरू बोलबम यात्रा पनि गर्छन् । बोलबमको ध्वनी गुन्जाएर उमंगको भावमा गेरू वस्त्रधारीहरू नदीबाट जल लिएर खाली खुट्टा पैदल हिडेर शिवालयमा पुगी अर्पण गर्दछन् । बेनीमा बसोबास गर्ने मधेशी समुदायले विगत दुई वर्षदेखि कालीगण्डकी र म्याग्दी नदीको दोभानदेखि गलेश्वरसम्म बोलबम यात्रा गर्दै आएका छन् । जीवनमा उमंग भर्ने, उत्साह ल्याउने धार्मीक माध्यम मानिने बोलबम यात्राका क्रममा लगाइने गेरू वस्त्र लगाउने फेसन पनि चलेको छ । सांसारिक भोग विलासबाट मुक्त भएर आध्यात्मिक चिन्तन गर्ने, सृष्टि र प्रकृतिको महत्वलाई बोध गर्न माध्यम पनि हो बोलबम ।

गलेश्वरधाम जाऔं, पुण्य कमाऔं

धार्मिक, ऐतिहासिक र पौराणिक दृष्टिले अति महत्वपूर्ण मानिएको म्याग्दीको गलेश्वरधाममा रगुनदी र कालिगण्डकीको पवित्र संगममा ९ रोपनी क्षेत्रफलमा फैलिएको एउटै विशाल चक्रशिलामाथि अवस्थित अलौकिक धार्मिक तीर्थस्थल गलेश्वरधाममा विगतका वर्षम झैं यसवर्ष पनि श्रावण महिनाभरी विशेष पुजाआजा गरिने भएको छ । सोमबारका दिन भगवान शिवको पवित्र पर्व हुने हुँदा यसवर्ष पनि ५ ओटै सोमबार परेकाले शिवजीको पाँच मुखको प्रतिक मानिने अत्यन्तै महत्वपूर्ण मानिन्छ । तसर्थ मनले चिताएको पुरा हुनेहुँदा सम्पूर्ण भक्तजन महानुभवहरुलाई गलेश्वरधाममा पाल्नुभई १०८ शिवलिङग र गलेश्वर भगवानको दर्शन पुजन गरि अखण्ड पुण्य आर्जन गर्नुहुन शिवालय क्षेत्र विकास कोष हार्दिक अनुरोध गर्दछ ।

गलेश्वर शिवालय क्षेत्र विकास कोष
गलेश्वर, म्याग्दी, फोन नं: ०६९-४११०९०

हामी सबैको एउटै रहर पूर्ण सरसफाइ युक्त गाउँ शहर

पूर्ण सरसफाइका ५ + १ विषय र सूचकहरू

१) चर्पीको प्रयोग
२) पानी प्रयोग सम्बन्धी सुरक्षित व्यवहार
३) साबुन पानीले हात धुने बानी
४) खाना प्रयोग सम्बन्धी सुरक्षित व्यवहार
५) सफा घर आँगन
६) सफा वातावरण

खानेपानी तथा सरसफाइ सब-डिभिजन कार्यालय
म्याग्दी

खानेपानी तथा सरसफाई सम्बन्धी रेडियो कार्यक्रम म्याग्दीकाली एफएम ८८.२ मा बिहीबार साँझ ७:३० देखि ८ बजेसम्म र रेडियो म्याग्दी १०१.४ मा आइतबार साँझ ६:३० देखि ७ बजेसम्म सुन्न नभुल्नुहोला ।

कम्प्युटर तथा छपाइ सम्बन्धी सम्पूर्ण कामका लागि
शर्मा डेस्कटप
मो.नं. ९८५७६२१५६०

BABIN TAILORING
Shirting & Suiting

बबिन टेलरिङ नै किन ?
- तपाईले खोजेका कुनैपनि गुणस्तरीय ब्राण्डका कपडाहरुका लागि,
- तपाईले भनेको समयमा आकर्षक एवम् गुणस्तरीय सिलाईका लागि,
- आकर्षक तथा आधुनिक डिजाइनका लागि,
- आकर्षक कोटका लागि गुणस्तरीय पेस्टिङ्ग मेशिन प्रयोग गरिने,
- यहाँको माया, सद्भाव र विश्वासको निरन्तरताको लागि,
- अर्डर बमोजिम अफिस, बैंक, कलेज, स्कूल र विद्यालयका सम्पूर्ण पोशाकका लागि ।

हाम्री बाबाले सधैं बबिन टेलरिङमा सिलाई दिनुहुन्छ....

बबिन टेलरिङ्ग सर्टिङ्ग एण्ड सुटिङ्ग
हुलाकचोक, बेनी फोन: ०६९-५२०७६०
न्यूरोड, पोखरा (भाटभटेनी सँगै) फोन: ०६१-५२७४२०

Reid & Taylor DIGJAM Ashvira OCM Bentley Raymond

प्रो. मुकुन्द शर्मा ९८४७६४२९५६
प्रो. अमृतप्रसाद शर्मा ९८४७६५२०९०
विशाल हार्डवयर्स एण्ड जनरल सप्लायर्स
शिक्षामार्ग, बेनीबजार, म्याग्दी
फोन : ०६९-५२०८९७
हाम्रा सेवाहरू
छड, सिमेन्ट, जस्तापाता, प्लाइ, सनमाइका, रङ रोगन, काँटी, कब्जा लगायत घर निर्माण सम्बन्धी सम्पूर्ण सामानहरु सुपथ मूल्यमा बिक्री गरिन्छ। साथै नेपाटपको पाइप र ग्यारेन्टीवाला पानी टंकी पनि पाइन्छ।

प्रो. बुद्धि महत (मो.नं. ९८४९८३३२३८)
प्रबन्ध निर्देशक : प्रमिला जिसी महत (मो.नं. ९८४७७८११७१)
महत न्यू फेन्सी पसल
न्यूरोड, बेनीबजार, म्याग्दी
हाम्रा सेवाहरू
हामीकहाँ कोरियन, हङकङ, सिंगापुर, थाइल्याण्ड तथा स्वदेशी फेन्सी सामानहरु होलसेल तथा खुद्रा पाइनुका साथै क्याम्पस, बोर्डिङका ड्रेसहरु, खेलकुदका सामग्रीहरु सुपथ मूल्यमा पाइन्छ ।

सुन्दर नगरी बेनीबजारमा हजुरहरुको चाहनालाई मध्यनजर गर्दै
नयाँ व्यवस्थापनका साथ हामी तपाइँहरुको साथमा
लामा भान्छाघर एण्ड रेष्टुरेन्ट
कोटभण्डारचोक, बेनीबजार, म्याग्दी
हाम्रा सेवाहरू
- खाना/फापरको ढिडो - नेवारी खाजा - चटामरी
- बारा - पिज्ज - नान - अन्य परिकारहरु
फ्रि वाइफाई, फ्रि होम डेलिभरी, पार्किङ सुविधा
प्रो राजन लामा, फोन : ०६९-५२१२००, मो.नं.: ९८४७६३३८९४

प्रो. सुरेन्द्रराज शर्मा मो.नं. ९८५७६२२०७७, ९८५७६२४५७७
संगम ट्रेडर्स & संगम हार्डवयर
कालीपुल (वेष्ट प्वाइन्ट कलेजको नजिक) बेनी, म्याग्दी
फोन : ०६९-५२१११७, फ्याक्स : ०६९-५२०९२८
हाम्रा सेवाहरू
हामीकहाँ निर्माण सम्बन्धी सम्पूर्ण सामग्रीहरु (छड, सिमेन्ट, कर्कटपाता, पाइप, पाइप फिटिङ्का सामान, रंगरोगन) थोक तथा फुटकर थोक मूल्यमा पाइन्छ।
ब्रिज सिमेन्ट र पञ्चकन्याबाट उत्पादित सम्पद्रर्ण सामानका साथै नेरोल्याक पेन्टस्को अधिकृत बिक्रेता
हाम्रो सेवा दरबाङ बजारबाट पनि- फोन : ०६९-६८००७७

नवविकल्प साप्ताहिक, प्रकाशक/सम्पादकः ठाकुरप्रसाद आचार्य, प्रधान सम्पादक : देवीप्रसाद शर्मा, कार्यकारी सम्पादक : सन्तोष गौतम, कम्प्युटर सेटिङ्ग : प्रमोद शर्मा (९८५७६२१५६०)
कार्यालयः शान्तिटोल, बेनीबजार, म्याग्दी मुद्रणः दीप्ति अफसेट प्रेस, बेनीबजार Email :- bikalpanews@gmail.com, Phone 069-520995, 9847624286, 9867613547